# अध्याय-एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "धरान नगरक्षेत्रका माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन" रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत सुकुना बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह एम. एड्. नेपाली द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

भाषालाई ज्ञान आर्जनको सहज माध्यमको रूपमा लिइन्छ । भाषाद्वारा विचारको आदान-प्रदान हुन्छ । यस्तो आदान-प्रदानमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ संलग्न हुन्छन् । यीमध्ये सुनाइ र बोलाइ आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् ।

भाषा सिकाइका क्रममा सबै सीपहरू एक आपसमा संयोजित भएका हुन्छन् । प्रारम्भमा सम्प्रेषणका लागि सुनाइ र बोलाइबाट काम चलाइन्छ भने पढाइ र लेखाइले भाषाको लेख्य तथा पाठ्य रूपलाई प्रतिनिधित्व गर्दछ । लेखाइ अभिव्यक्तिलाई स्थिर, र चिरस्थायी बनाउने माध्यम हो । अभिव्यक्तिको प्रौढ र परिपक्व रूप र मौन रूपमा गुम्सिएर रहेका कुरा व्यक्त गर्ने एउटा महत्त्वपूर्ण माध्यम लेखाइ हो । अझ लेखेर नै जीविका चलाउने कलमजीवीहरूका लागि यो अत्यावश्यक एवम् आधारभूत सीप बन्न जान्छ । यसरी मानवीय जीवनमा लेखाइ सीपको प्रत्यक्ष सम्बन्ध रहेको छ । त्यसैले तल्लो तहदेखि नै विद्यार्थीहरूमा लेखनकलाको विकास गराउँदै लैजानु अत्यावश्यक भइसकेको छ ।

लेखाइ सीप विकासका लागि लेखनसम्बन्धी धेरै कार्यकलापहरू विद्यमान छन् । निबन्धलेखनलाई लेखनकला विकासमा महत्त्वपूर्ण कार्यकलापका रूपमा प्रस्ट्याइएको छ किनभने निबन्धलेखनमा लेखाइ सम्बन्धी सम्पूर्ण ढङ्ग ढाँचा र लेखाइको मानक रूप प्रस्तुत हुने

विश्वास गरिन्छ । विभिन्न अनुच्छेदमा विचारको शृङ्खलाबद्ध अभिव्यक्तिको अपेक्षा निबन्धमा गरिन्छ । निबन्धलेखनमा अनुच्छेदबद्धताले निकै महत्त्व राख्दछ । निबन्धको प्रारम्भिक अनुच्छेद परिचयात्मक हुन्छ भने कुनै खास बुँदाको विस्तृतीकरण वा विस्तारसँग सम्बन्धित हुन्छ । कुनै अनुच्छेदमा पहिलेका दुई वा दुईभन्दा बढी अनुच्छेदमा व्यक्त भएका विचारको समीक्षा हुनसक्छ । त्यसैगरी उपसंहारमा विभिन्न अनुच्छेदमा व्यक्त गरिएका विचारको निष्कर्ष दिइएको हुन्छ । निबन्धलेखनमा अनुभव र ज्ञान सम्पन्नताको प्रशस्त हात रहन्छ । सफल निबन्धलेखनले लेखाइको प्रौढताको सङ्केत गर्दछ । निबन्ध अन्य साहित्यिक विधाहरूका तुलनामा गहन विधा भएको हुँदा सफल निबन्ध लेख्नुभन्दा पहिले विद्यार्थीहरूले सामान्यतया खास वस्तु चिनेर अनुभव तथा घटनाका विषयमा लिखित अभिव्यक्ति दिन सक्ने हुनुपर्दछ ।

निबन्धलेखन लेखाइ सीप विकासको महत्त्वपूर्ण आधार हो । बालबालिकाहरूलाई प्रारम्भिक कक्षाहरूमा उनीहरूसँग परिचित विषयमा छोटो निबन्धलेखन लगाएर लेखाइ सीप विकास गराउने प्रयत्न गरिन्छ । विद्यालय तथा विश्वविद्यालय तहका नेपाली पाठ्यक्रमहरूले निबन्ध विधा शिक्षण तथा निबन्धलेखन शिक्षणसम्बन्धी पाठ्यवस्तु छनोट गरी स्तरण गरिएको तथ्यले यसको महत्त्व अझ स्पष्ट हुन्छ । यसरी शैक्षणिक पाठ्यक्रमहरूले निबन्धलेखनसम्बन्धी पाठ्यवस्तुलाई महत्त्व दिइरहेको परिप्रेक्ष्यमा विद्यालय तहको माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित रहेर अनुसन्धान अध्ययन गर्ने उद्देश्यले “धरान नगरक्षेत्रका माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन” शीर्षकसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार देखाइको छः

(क) धरान नगरक्षेत्रका माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

(ख) सम्बन्धित तहका सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अवस्था कस्तो छ ?

(ग) लैङ्गिक आधारमा निबन्धलेखनक्षमताको तुलनात्मक अवस्था कस्तो छ ?

(घ) भाषिक पृष्ठभूमिका आधारमा नेपाली र अन्य मातृभाषा भएका विद्यार्थीहरूको निबन्धलेखनक्षमताको तुलनात्मक अवस्था कस्तो छ ?

(ङ) यस क्षेत्रका माध्यमिक तहका विद्यार्थीहरूमा निबन्धलेखनसम्बन्धी के कस्ता कमीकमजोरीहरू रहेका छन् ?

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(क) धरान नगरक्षेत्रका माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु,

(ख) सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

(ग) भाषिक पृष्ठभूमि तथा लैङ्गिक आधारमा सम्बन्धित विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु,

(घ) नेपाली मातृभाषी र नेपाली विभातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु,

(ङ) यस क्षेत्रका माध्यमिक तहका विद्यार्थीहरूमा निबन्धलेखनसम्बन्धी कमीकमजोरीहरू पहिल्याउनु र निराकरणका उपायहरु पत्ता लगाउनु,

## १.५ प्राक्कल्पना

(क) धरानक्षेत्रका माध्यमिक तहका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य छ ।

(ख) सरकारी विद्यालय र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखनक्षमतामा सार्थक अन्तर छैन ।

(ग) नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखनक्षमतामा सार्थक अन्तर छैन ।

(घ) लैङ्गिक आधारमा छात्र र छात्राहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर छैन ।

## १.६ अध्ययनको औचित्य

भाषा मानवीय वस्तु हो । भाषाको महत्त्वपूर्ण कार्य विचार आदानप्रदान गर्नु हो । मौखिक र लिखित दुवै ढङ्गबाट विचारको आदान प्रदान हुन्छ । भाषाको मूल रूप मौखिक हो तर पनि शैक्षिक गतिविधि तथा प्रशासनिक कार्यमा भाषाको लिखित स्वरूपलाई उपयोगमा ल्याइन्छ । मौखिक भाषा सम्प्रेषणको आधारभूत माध्यम हो, लिखित चाहिँ त्यसको विकसित रूप हो ।

साक्षरता भन्नाले लेखपढ गर्न जान्नु हो । साक्षरता शब्द विशेषतः शिक्षा क्षेत्रमा प्रचलित हुन्छ । लेखपढ गर्न जान्नु भन्नाले लिखित भाषालाई उपयोग गर्न सक्षम हुँदै जानु भन्ने बुझ्नुपर्छ । अनुभव र ज्ञानलाई सञ्चित गर्न तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा सम्प्रेषित गर्न भाषाको लिखित माध्यमले विशेष महत्त्व राख्दछ । त्यसैले प्रारम्भिक तहबाट नै लेखाइ सीपको विकास गर्दै लैजानु अत्यावश्यक छ । लेखाइ सीपको विकास गर्न निबन्धलेखन प्रक्रिया प्रमुख कार्यकलापका रूपमा रहन्छ । विद्यार्थीहरूको निबन्धलेखन प्रक्रियासँग अधिकांश ज्ञानात्मक पक्षहरू समावेश हुने हुँदा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनको आवश्यकता देखिन्छ । यसरी विद्यार्थीहरूमा विकसित लिखित क्षमता पहिचान गर्ने प्रमुख आधार निबन्धलेखन भएको हुँदा यस अध्ययनमा विद्यार्थीहरूको निबन्ध लेखनक्षमतालाई महत्वका साथ लिइएको छ ।

कुनै पनि विषयमा केन्द्रित रहेर तथ्य र अनुभवका आधारमा गरिने क्रमबद्ध अभिव्यक्ति नै निबन्ध हो । यसमा निश्चित विचारलाई प्रकट गरिन्छ । मूलतः निबन्ध दुई प्रकारमा बाँडिन्छः वस्तुपरक र आत्मपरक । विषयवस्तुलाई प्रमुखता दिएर लेखिएको निबन्ध वस्तुपरक हुन्छ । यस्तो निबन्धमा वर्णन, विचार र विवरणको प्रस्तुतीकरण हुन्छ । आफ्ना मनका निजी भावनालाई महत्त्व दिएर लेखिएको निबन्ध आत्मपरक हुन्छ । यसमा वस्तुको परिचयभन्दा व्यक्तिगत अनुभवलाई पोखिएको हुन्छ । यिनै भाषिक अभिव्यक्तिहरूको शृङ्खलाबद्ध आँकलन गर्नु प्रस्तुत अध्ययनको महत्त्वपूर्ण पक्ष हो ।

भाषाका चार प्रमुख सीपहरूमध्ये लेखाइ सीपले लिखित अभिव्यक्ति पक्षलाई अँगाल्दछ । कुनै पनि व्यक्तिले आफूले व्यक्त गर्न खोजेका कुराहरू कसरी प्रस्तुत गर्दोरहेछ भन्ने कुरा बुझ्न लेखाइ पक्षको भाषिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका रहन्छ । यसरी लेखनकलासम्बन्धी आवश्यक जानकारी लिन विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनबाट सरलता मिल्दछ । लेखाइसम्बन्धी ढङ्गढाँचाको पहिचान गर्न निश्चित समय-सीमाभित्र, निर्धारित शीर्षकमा लेखिएको निबन्धित रचनालाई साङ्ख्यिकीय तथ्याङ्कका आधारमा अध्ययन विश्लेषण गर्दा विभिन्न समूहका विद्यार्थीहरूको लेखाइक्षमता पहिचान गरी सोही आधारमा भाषिक सीप सम्बद्ध पाठ्यांशहरूलाई पाठ्यपुस्तक निर्माणका क्रममा छनोट र स्तरण गर्न पृष्ठपोषण प्रदान गर्दछ ।

विद्यालयतहका अतिरिक्त विश्वविद्यालयतहका पाठ्यक्रमहरूमा निबन्धशिक्षण तथा निबन्धलेखन शिक्षणलाई विशेष महत्त्वका साथ हेरिएको छ । मूलतः माध्यमिक तहमा विधागत वितरणअन्तर्गत उत्कृष्ट सङ्ख्यामा निबन्धात्मक रचनाहरूलाई विधाशिक्षणका रूपमा समावेश गरिएको छ । यसैगरी सिर्जनात्मक अभ्यास शीर्षकमा समसामयिक विषयहरू समावेश गरी अभ्यास गराउने लक्ष्यले नेपाली विषयका पाठ्यपुस्तकहरूमा निबन्धलेखन प्रक्रियालाई जोड दिएको छ । यसै परिप्रेक्ष्यमा "**धरान नगरक्षेत्रका माध्यमिक तहका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन**" शीर्षकमा गरिएको प्रस्तुत अनुसन्धानात्मक अध्ययनले माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धात्मक क्षमता पहिचान गरी सोही आधारमा कक्षा-शिक्षणलाई अगाडि बढाउन सरलता मिल्नेछ । सम्बन्धित तहका विद्यार्थीहरूको लेखाइसम्बन्धी स्तरीयता र क्षमता पहिचान, वर्णविश्लेषण, विविध रूपमा पृथक्-पृथक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको निबन्धात्मक क्षमता पहिचान गर्न प्रस्तुत अध्ययन मार्गदर्शक बनेको छ । पहिचान गरिएको क्षमताका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिएको हुँदा यसको महत्त्व अझ स्पष्ट भएको छ ।

निबन्ध आफैंमा एउटा गहन विधा हो । स्वतन्त्रलेखनका रूपमा विभिन्न तहका पाठ्यक्रमहरूले यसलाई सम्बोधन गरेका छन् । यसरी निबन्धलेखनले आफ्नो अस्तित्वलाई विधाको रूपमा स्थापित गर्न गरिरहेको परिप्रेक्ष्यमा हालसम्म निबन्धलेखनसम्बन्धी कुनै किसिमको अनुसन्धान अध्ययन नभएको अवस्थामा प्रस्तुत अनुसन्धानात्मक अध्ययनको औचित्य स्वतः प्रस्टिएको छ । एस.एल.सी. परीक्षासँग प्रत्यक्ष सम्बन्ध राख्ने माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको सृजनात्मक लेखनक्षमता पहिचान गरी आवश्यक परामर्श दिने प्रसङ्गले प्रस्तुत अध्ययनलाई परिभाषित गरेको छ । यसर्थ प्रस्तुत अध्ययनले भाषिक सीप विकासमा तथा भाषिक शिक्षणका क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गर्ने छ । विकसित र गतिशील समयसँगै पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, शिक्षण-प्रक्रिया र पद्धतिमा परिमार्जन गर्दै लैजान तथा भाषिक क्षमतासम्बन्धी अध्ययन गर्न चाहने अध्येताहरूका लागि पनि प्रस्तुत अनुसन्धान सहायक बन्न सक्दछ । विषयगत प्रश्नहरूको निबन्धात्मक उत्तर लेख्ने ढङ्ग-ढाँचालाई प्रस्तुत अध्ययनले सम्बोधन गरेको छ । यसरी प्रश्नोत्तरको समस्या समाधान गर्न, ठाउँ र परिस्थिति अनुसार मौखिक तथा लिखित अभिव्यक्ति दिन सक्ने क्षमता पहिचान गरी त्यसमा आवश्यक परिष्कार र परिमार्जन गर्दै लैजान सम्बन्धित व्यक्ति तथा निकायहरूका लागि समेत प्रस्तुत अनुसन्धानानात्मक अध्ययन सन्दर्भस्रोत बन्न सक्दछ ।

यसरी “**धरान नगरक्षेत्रका माध्यमिक तहका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन**” शीर्षकमा गरिएको अनुसन्धानका पृष्ठभूमिमा सान्दर्भिक प्रश्नहरू प्रशस्त देखिन्छन् । यिनै पृष्ठभूमिमा गर्भित प्रश्नात्मक प्रसङ्गहरूको समाधानमा केन्द्रित प्रस्तुत अध्ययनले सरकारी र निजी विद्यालयका विद्यार्थीहरू बीचको निबन्धलेखनक्षमताको तुलनात्मक अध्ययन र मूल्याङ्कन गर्ने हुनाले पनि शैक्षिक गुणस्तरको मापनमा सहायक हुने प्रस्तुत अनुसन्धान औचित्यपूर्ण हुन पुगेको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

अनुसन्धानका क्रममा जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अत्यन्त विस्तृत र व्यापक हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । निश्चित सीमाङ्कन नगरिएका अनुसन्धानात्मक कार्यहरूको मार्ग विचलित हुन्छ । त्यसैले प्रस्तुत अध्ययन निम्नलिखित सीमामा आबद्ध रहेको छः

(क) धरानक्षेत्रका ५ वटा सरकारी र ५ वटा निजी माध्यमिक विद्यालयका १०/१० जना विद्यार्थी गरी जम्मा १०० जना विद्यार्थीमा मात्र अध्ययन सीमित छ ।

(ख) धरान नगरपालिका अन्तर्गत रहेका निजी र सरकारी विद्यालयहरूमा कक्षा नौ र दसमा अध्ययन गर्ने विद्यार्थीहरूमा अध्ययन सीमित रहेको छ ।

(ग) अध्ययनको निष्कर्ष निर्धारित नमुना जनसङ्ख्याबाट प्राप्त तथ्यका आधारमा गरिएको साङ्ख्यकीय तथ्याङ्क विश्लेषणमा मात्र आधारित रहेको छ ।

## १.८ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भइसकेका अनुसन्धानहरूको सिंहावलोकन गर्नु आवश्यक हुन्छ । वर्तमानलाई विगतले गतिशील बनाउँने हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा हिँडाउँन प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्व अध्ययनहरूको विशेष महत्त्व रहन्छ । सबै अनुसन्धानहरू पूर्व अनुसन्धानसँग सम्बन्धित हुँदैनन् ।त्यस्ता अनुसन्धानहरु आफैंमा पहिले अनुसन्धेय विषय पनि हुन सक्छन् । कुनै पनि अनुसन्धान आफैंमा पहिलो हुँदा अर्थात् पूर्व अनुसन्धानहरूसँग सम्बन्धित नहुँदा पूर्वकार्यको समीक्षामा असहजता सिर्जना हुन्छ ।

प्रस्तुत "**धरान क्षेत्रका माध्यमिक तहका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन**" शीर्षकसँग सम्बन्धित पूर्वअनुसन्धान अध्ययनहरू हालसम्म नभएको अध्येताको ठहर छ । लेखाइसँग सम्बन्धित शीर्षकमा विभिन्न अनुसन्धान भए पनि व्याकरणात्मक कोटि, त्रुटिविश्लेषण, चिहन-प्रयोगजस्ता क्षेत्रहरूमा अध्ययनलाई सीमित गरिएको छ । हालसम्म भएका अध्ययनहरूमा निबन्धविधाको शिक्षण तथा निबन्धलेखनशिक्षण जस्ता लेखनसीपहरूसँग सम्बन्धित पक्षका बारेमा सम्बोधन गरिएको छैन । यसरी हेर्दा लेखाइक्षमताअन्तर्गतको पहिलो अनुसन्धेय विषयका रूपमा प्रस्तुत अध्ययनलाई लिइएको छ । त्यसैले यहाँ पूर्वकार्यका रूपमा अनुसन्धानमूलक शोधकार्यहरूका निष्कर्षहरू समावेश गर्न अनुकूल नभए पनि विभिन्न विद्वान्हरूद्वारा विद्यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएको पाठ्यसामग्रीहरूमा उल्लेख गरिएका सम्बन्धित पाठ्यांशहरूको सङ्क्षिप्त चर्चा गरिएको छ ।

हेमाङ्गराज अधिकारीद्वारा नेपाली भाषा शिक्षण (ते.सं., २०५३) नामक पुस्तकमा भएकका शिक्षणका विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण अध्याय पनि समावेश गरिएको छ । जसमा लेखाइ शिक्षणको महत्त्व र आवश्यकता, लेखाइ र बोलाइ, लेखाइ र पढाइ लेखाइका प्रयोजनपरक तह, लेखाइमा पाइने कमजोरी र त्रुटि क्षेत्रहरू, लेखाइ शिक्षणका कार्यकलापहरू, लेखाइको शुद्धीकरण, अभ्यासिक र निर्देशित लेखन, लेखन शिक्षणका त्रममा विचार पुर्‍याउनु पर्ने केही विशेष कुराहरू जस्ता उपशीर्षकहरूमा लेखनकलासम्बन्धी लेखाइ शिक्षणका कार्यकलापहरू नामक शीर्षकअन्तर्गत समावेश गरिएको छ । यसमा अनुच्छेदलेखनका लागि उपयोग गरिने धेरैजसो विषय शीर्षकहरू निबन्धलेखनका लागि उपयोगमा ल्याउन सकिने कुराको सङ्केत गर्दै निबन्धका प्रकारहरूको उल्लेख गरिएको निबन्धलेखनमा अनुच्छेदबद्धताको विशेष महत्त्व रहन्छ भन्नेतर्फ विषयवस्तुलाई केन्द्रित गरिएको छ । लेखाइको पहिलो खुट्किलो सफल निबन्धलेखन प्रक्रिया भएको हुँदा सुरुमा आफ्ना अनुभव तथा चित्र, प्रतिमूर्तिहरूका बारेमा लिखित अभिव्यक्ति दिन सक्ने भएपछि निबन्धलेखनमा उच्चता हासिल गर्न सकिन्छ भन्दै निबन्धलेखनका लागि आवश्यक सतर्कता सङ्केत  गरिएको छ ।

निबन्धलेखनसम्बन्धी विस्तृत चर्चा गरिए पनि लेखन क्षमताको विश्लेषणात्मक मूल्याङ्कन प्रक्रियाका बारेमा यो पुस्तक मौन देखिन्छ । शिक्षणीय प्रयोजनका लागि तयार पारिएको प्रस्तुत पुस्तकमा लिखित सूचनाहरूलाई शोधअध्ययनमा प्रतिस्थापन गर्दा यो पुस्तक शोधअध्ययनका लागि प्रशस्त उपयोगी ठहर्छ । यसमा लेखाइसम्बन्धी प्रशस्त सूचनाहरू समावेश गरिएको छ । यसै आधारमा निबन्धलेखन क्षमतासम्बन्धी चित्रात्मक प्रस्तुति गर्न सरलता मिलेको छ ।

भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालको सहलेखनमा तयार पारिएको परिचयात्मक नेपाली भाषा शिक्षण (प्र.सं.,२०५७) नामक पुस्तकमा नेपाली भाषा शिक्षणका सन्दर्भमा परिचयात्मक चर्चा गरिएको छ । यो पुस्तक प्रमाणपत्र तहको पाठ्यक्रममा आधारित रहेर लेखिएको भए पनि नेपाली भाषा शिक्षणका सन्दर्भमा उपयोगी मान्न सकिन्छ । यसमा भाषिक सीपहरूको शिक्षणीय प्रयोजन उल्लेख गर्ने क्रममा लेखाइ शिक्षण अध्यायमा लेखाइको परिचय, लेखाइ शिक्षणको आवश्यकता, प्राथमिक तहमा लेखाइ शिक्षणको आवश्यकता, लेखाइ शिक्षणका कार्यकलापहरू समावेश गरिएको छ ।

लेखाइ शिक्षणको कार्यकलाप अन्तर्गत निबन्धलेखनलाई समेटिएको छ । निबन्धलेखनको अभ्यासमा अनुच्छेद लेखनले महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ भनी लेखाइ ढाँचाको परिचय दिएको छ । विधाशिक्षण अध्यायअन्तर्गत निबन्ध विधा शिक्षणको परिचयात्मक चर्चा गरिएको छ । विषय, उद्देश्य र शैलीअनुरूप निबन्ध विभिन्न प्रकृतिका हुन्छन् भन्दै निबन्ध शिक्षणका उद्देश्य र विधिहरूको छोटकरी चर्चा गरिएको छ । यसरी हेर्दा निबन्ध विधा शिक्षणसँग सम्बन्धित परिचयात्मक चर्चा गरिए पनि निबन्धलेखनका बारेमा कुनै कुरा उल्लेख गरिएको छैन तापनि भाषिक सीपहरूको परिचयात्मक अवधारणा उल्लेख गरिएबाट अध्येताका दृष्टिमा यहाँ यस पुस्तकलाई सान्दर्भिक ठानिएको छ ।

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलको सहलेखनमा तयार पारिएको नेपाली भाषा र साहित्यशिक्षण (प्र.सं., २०६०) नामक पुस्तक नेपाली भाषा तथा साहित्य-शिक्षणका लागि अत्यन्तै उपयोगी सावित बनेको छ । यस पुस्तकमा विभिन्न भाषिक कलाहरूको अध्ययनअध्यापनका लागि विस्तृत चर्चा गर्ने क्रममा लेखनकला शिक्षणको उल्लेख गरिएको पाइन्छ । लेखनकलाका कार्यकलापहरू: यान्त्रिक, निर्देशित, स्वतन्त्र तथा सृजनात्मक रूपको चर्चा गर्दै निबन्धलेखनसम्बन्धी पाठ्यांशहरूलाई समावेश गरिएको छ । यसका अतिरिक्त विभिन्न साहित्यिक विधाहरूको शिक्षणीय प्रयोजन, प्रक्रिया र शिक्षणीयक्रमको अनुक्रम मिलाइएको पाइन्छ । निबन्ध शिक्षण शीर्षकभित्र निबन्ध शिक्षणको प्रयोजन, निबन्ध शिक्षण प्रक्रिया, निबन्ध शिक्षणक्रम जस्ता उपशीर्षकहरूमा निबन्ध विधा शिक्षणलाई समेटिएको छ । निबन्ध शिक्षणको प्रमुख प्रयोजन लेखनकलाको समुचित विकास गर्नु हो भन्दै यसको शिक्षणका क्रममा प्रवचन विधि, छलफल/प्रश्नोत्तर विधि, सूत्र विधि, स्वाध्ययन र मन्त्रणा विधि, समीक्षा, पठनबोध तथा प्रस्तुतीकरण जस्ता विधिहरूको चर्चा गरिएको छ । यसका

साथै प्रस्तावना, वाचन, कठिनाइ निवारण, व्याख्याको अनुक्रममा शिक्षणीय क्रमलाई अबलम्बन गर्नुपर्दछ भनी स्पष्ट ठानिएको छ ।

यस पुस्तकमा निबन्ध विधा शिक्षणको प्रक्रियागत अवधारणा स्प्ष्ट गरिएको हुँदा अध्येताबाट प्रस्तुत अनुसन्धानमा यसै पुस्तकलाई आधार मानी अनुसन्धान अध्ययन अगाडि बढाइएको छ । शिक्षणीय प्रयोजनका लागि तयार पारिएको भए पनि अनुसन्धान अध्ययनमा सामग्री सङ्कलन र व्याख्या विश्लेषणका क्रममा यिनै कुराहरूलाई आधार मान्नुपर्ने देखिन्छ यसर्थ यहाँ यस पुस्तकलाई सान्दर्भिक ठानिएको छ ।

भाषा शिक्षणका सन्दर्भमा हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको सहलेखन मा तयार पारिएको प्रारम्भिक नेपाली शिक्षण (चौ.सं., २०६१) नामक पुस्तक उल्लेख्य मानिन्छ । खासगरी प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रममा आधारित रहेर तयार पारिएको भए तापनि नेपाली भाषाको शिक्षण प्रशिक्षणका क्षेत्रमा निर्माण गरिने विभिन्न पाठ्यक्रमहरूका लागि अत्यन्तै उपयोगी हुने देखिन्छ । नेपाली भाषा शिक्षा शिक्षणसँग सम्बन्धित यस पुस्तकमा लेखाइ शिक्षणअन्तर्गत लेखाइ शिक्षणको आवश्यकता प्रारम्भिक तहमा लेखाइ शिक्षणको स्तर निर्धारण, लेखाइ शिक्षणका कार्यकलाप, निर्देशित स्वतन्त्र र सृजनात्मक लेखाइ, लेखाइको शुद्धीकरण र पुनरावृत्ति जस्ता शीर्षकहरूमा चर्चा गरिएको छ । यस पुस्तकमा लेखाइ शिक्ष्णाको आवश्यकता, प्रारम्भिक तहमा लेखाइ शिक्षणको स्तर निर्धारण, लेखाइ शिक्षणको कार्यकलाप, निर्देशित स्वतन्त्र र सृजनात्मक लेखाइ, लेखाइको शुद्धीकरण र पुनरावृत्ति जस्ता शीर्षक आबद्ध गरी लेखाइ शिक्षणसम्बन्धी चर्चा गरिएको छ । लेखाइ शिक्षणको कार्यकलाप अन्तर्गत प्रबन्धलेखन भनी उल्लेख गरिएको उपशीर्षकमा विचारको शृङ्खलाबद्ध प्रस्तुति नै प्रबन्ध वा निबन्ध हो भनी परिभाषित गरिएको पाइन्छ । निर्देशित स्वतन्त्र र सृजनात्मक रूपमा वैचारिक प्रस्तुति निबन्धमा गरिने प्रसङ्गलाई कोट्याइएको छ ।

प्रबन्ध शिक्षणका कार्यकलापहरू उल्लेख गर्ने क्रममा मौखिक वर्णन, लिखित वर्णन, बोध प्रश्नोत्तर, चित्र, वस्तु, प्रतिमूर्ति वर्णनजस्ता लेखाइसम्बन्धी अन्य अभ्यासहरूको चर्चा गरिएको छ । प्रबन्धलाई सुनाइ, बोलाइ, पढाइ, लेखाइका साथै शब्दोच्चारण, हिज्जे तथा अन्य भाषिक ज्ञानका लागि उपयोग गर्न सकिने भनी उल्लेख गरिएको भए पनि निबन्धलेखन क्षमतासम्बन्धी कुनै चर्चा गरिएको छैन । तर पनि अनुसन्धान अध्ययनका लागि प्रस्तुत सहलेखनबाट प्राप्त पुस्तक अत्यन्तै उपयोगी हुने देखिन्छ । शिक्षणीय प्रयोजनका क्रममा तयार

पारिएको भए पनि अनुसन्धान अध्ययनका लागि सामग्री सङ्कलन तथा व्याख्या विश्लेषणका क्रममा यिनै कुराहरूलाई आधार मान्नुपर्ने हुन्छ । यस पुस्तकमा समाविष्ट सूचनाका आधारमा अनुसन्धान अध्ययनलार्य अगाडि बढाउन सम्बन्धित अध्यताहरूलाई सरलता मिल्दछ । प्रारम्भिक नेपाली शिक्षण नामक प्रस्तुत पुस्तक भाषिक सीपसँग सम्बन्धित अनुसन्धान अध्ययनका लागि उपयोगी सावित हुने कुरा निर्विवाद छ ।

यसै गरी त्रि.वि.,केन्द्रीय विभागमा अनुसन्धाता दीपकबाबु तिवारीले काठमाडौंलाई केन्द्र मानेर 'कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखनक्षमताको अध्ययन' शीर्षकमा प्रस्तुत गरेको शोधपत्रमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धरचना सामर्थ्यको सामान्य विश्लेषण गरेको देखिन्छ । यसले पनि माध्यमिक तहका विद्यार्थीहरूको निबन्धसृजनकलाको तुलनात्मक अध्ययन र वस्तुगत मूल्याङ्कन गर्न सकेको छैन । प्रस्तुत अनुसन्धानात्मक अध्ययनबाट सो अपूर्णतालाई पूर्णता प्राप्त हुने विश्वास गरेकी छु ।

## १.९ अध्ययनविधि

अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग गरिएको हुन्छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सबभन्दा महत्त्वपूर्ण विषय हो । कुनै पनि अनुसन्धान अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरूलाई पूर्वयोजनाका रूपमा व्यवस्थित गरिनुपर्दछ र मात्र अनुसन्धान कार्यमा कुनै किसिमको बाधा अड्चन आउँदैन । प्रस्तुत अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरूलाई महत्त्व दिएर कुनै पनि निष्कर्षमा पुग्ने प्रयास वाञ्छित ठानिएको छ । **"धरान नगरक्षेत्रका माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखनक्षमताको अध्ययन"** शीर्षक सोझै विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रबिन्दु बनाई नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । नमुना सर्वेक्षण विधि भन्ने बित्तिकै यसको कार्य क्षेत्रीय विधि वा प्रयोगात्मक विधिमा आधारित रहन्छ । प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउने क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरिएको छ । यिनै विविध सर्वेक्षणात्मक विधिहरूको प्रयोग गर्दै प्रस्तुत अध्ययनको

प्रारूप तयार पारिएको हो । अध्ययनमा अबलम्बन गरिएका प्रक्रियाहरूको विवरण निम्नानुसार छः

**(क) जनसङ्ख्याको पहिचान**

शैक्षिक सत्र २०६५/०६६ मा कक्षा नौ पूरा गरेका अर्थात् कक्षा दसको अध्ययन प्रारम्भ गरेका सम्पूर्ण विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याका रूपमा लिइएको छ । तर, अध्ययनको प्रयोजन, समय, लगानी आदिका कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने तथा आवश्यक पनि नभएकाले अध्ययनको सीमाङ्कन क्षेत्र धरान नगरक्षेत्रभित्रका सरकारी र निजी गरी १० वटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

**(ख) प्रतिनिधि नमुना**

प्रतिनिधि नमुनाले जनसङ्ख्याको पूर्णतः प्रतिनिधित्व गरोस् र जनसङ्ख्याका गुण वा विशेषताहरू त्यस्ता नमुनामा समाहित होऊन् भन्ने अध्येताको दृष्टिकोण रहेको हुन्छ । हुन पनि कुनै अनुन्धानमा त्यसको व्याख्या र विश्लेषणसम्म पुग्न सम्पूर्ण जनसङ्ख्याबाट कसरी नमुनाको प्रतिनिधित्व गराइएको छ भन्ने कुरा नितान्त आवश्यक पक्ष हो । प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउन सम्भावनामा सो उद्देश्य, वर्गछनोट विधि अपनाइएको छ । नमुना छनोट गर्ने क्रममा धरान नगरभित्रका पाँच (५) वटा सरकारी विद्यालय र पाँच (५) वटा निजी विद्यालयलाई लिइएको छ । ती विद्यालयहरूमा अध्यनरत विद्यार्थीहरू मध्येबाट फरकफरक भाषिक पृष्ठभूमि भएका तथा १०/१० जना क्रमशः छात्र/छात्रा पर्ने गरी जम्मा १०० जनाकै सङ्ख्यामा विद्यार्थीहरूको छनोट गरियो । यसरी विद्यालयको छनोट गर्दा विभिन्न क्षेत्रबाट समग्र विद्यालयहरूको प्रतिनिधित्व भएको अपेक्षा अध्येताको रहेको थियो ।

**(ग) सामग्री निर्माण**

अनुसन्धान अध्ययनको प्रकृतिअनुसार सामग्री निर्माण गरिनुपर्दछ । प्रस्तुत अध्यनको प्रकृति विद्यार्थीहरूको लेखनकला परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने भएकाले सोही अनुरूपका सामग्री निर्माण गर्नु आवश्यक ठानियो । लेखनकलासँग सम्बन्धित निबन्धलेखनजस्तो गहन विषयको लेखन विद्यार्थीहरूबाट गराउनु पर्ने हुँदा समसामयिक विषयहरूलाई शीर्षकका रूपमा प्रस्ताव गरियो । प्रस्तावित शीर्षकहरू माथि शोधनिर्देशकको उपस्थितिमा आवश्यक

छलफलपश्चात् अध्येताले प्रस्तुत अध्ययनका लागि शीर्षकको चयन गरेका छन् । तत्पश्चात् सम्बन्धित जनसङ्ख्यामा अध्येताले सोही शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेख्न प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने कार्य गरेका छन् ।

**(घ) तथ्याङ्क सङ्कलन**

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा निबन्ध लेख्न प्रेरित गरियो । प्रस्तुत अनुसन्धान अध्ययनका अध्येताको परिचय तथा सम्बन्धित कार्य खुलाई प्रमाणित गरिएको पत्रका आधारमा विद्यालय प्रशासनसँग समन्वय गर्दै तथ्याङ्क सङ्कलन कार्यलाई अगाडि बढाइयो । नमुना जनसङ्ख्याका रूपमा चयन गरिएका विद्यालयहरूका नेपाली विषयका शिक्षक–शिक्षिकाहरूबाट अध्येताले अपेक्षाकृत सहयोग प्राप्त गरी विद्यार्थीहरूलाई निश्चित विषय र समय तोकी आशुलेखनको रूपमा निबन्धरचनाहरू सङ्कलन गरियो । विद्यालयहरूबाट सङ्कलन गरिएका निबन्धित उत्तरपुस्तिकालाई प्रक्रियागत रूपमा जाँच गरियो । प्राप्त प्राप्ताङ्कलाई उत्तरपुस्तिकाको सिरानमा अङ्कित गरियो । निबन्धित उत्तरपुस्तिकालाई जाँच गर्न शीर्षकसँग सम्बन्धित विषयवस्तु, प्रस्तुति र भाषिक शुद्धता गरी तीन पक्षमा केन्द्रित रहेर वस्तुगत रूपमा अङ्क निर्धारण गरिएको छ ।

शैक्षिक सत्र २०६६/०६७ अन्तर्गत २०६७ वैशाख/जेठ महिनाको समय सीमाभित्र प्रस्तुत अध्ययनको तथ्य सङ्कलन गरियो । तथ्य सङ्कलनका लागि छनोट गरिएका प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई छुट्टै कोठामा राखी आवश्यक सल्लाह दिइयो । निर्धारित शीर्षकहरूमध्ये कुनै एक शीर्षकमा बढीमा ४५ मिनेटको समय सीमाभित्र निबन्ध तयार गर्न निर्देश गर्दै विद्यार्थीहरूमा निबन्ध लेख्ने उत्प्रेरणा दिइयो ।

**(ङ) व्याख्या विश्लेषण र प्रस्तुतीकरण**

प्रस्तुत अध्ययनको शीर्षक लेखनकलासँग सम्बन्धित रहेको हुँदा यसमा तथ्य सङ्कलनका क्रममा प्राप्त निबन्धित उत्तरपुस्तिकाहरूमा अङ्कित गरिएको प्राप्ताङ्कहरूलाई विद्यालयको (सरकारी र निजी) स्वरूपगत, भाषिक पृष्ठभूमि तथा लिङ्गगत समूहहरूमा वर्गीकरण गरी तालिकाबद्ध गरियो । तथ्य विश्लेषणका क्रममा सम्पूर्ण विद्यालयका प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरू कति प्रतिशत माथि र तल छन् भनेर गणना गरियो । विभिन्न समूहहरूको क्षमता मापन गर्न पनि त्यही प्रक्रिया अँगालियो । त्यसरी नै प्राप्ताङ्कका

आधारमा उच्चतम स्थान, मध्यम स्थान तथा न्यूनस्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरियो । यसरी समग्रमा विभिन्न विद्यार्थीहरूका बीच निबन्धलेखन क्षमताको स्थितिको तुलनात्मक अवलोकन गरियो ।

## १.१० **शोधपत्रको रूपरेखा**

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोधपरिचय |
| परिच्छेद दुई | : | सैद्धान्तिक परिचय |
| परिच्छेद तीन | : | व्याख्या र विश्लेषण |
| परिच्छेद चार | : | तुलनात्मक विश्लेषण |
| परिच्छेद पाँच | : | निष्कर्ष र सुझाव |

परिशिष्टहरू

सन्दर्भग्रन्थसूची

# अध्याय – दुई

## सैद्धान्तिक परिचय

### २.१ निबन्धको सैद्धान्तिक परिचय

### २.१.१ पृष्ठभूमि

मानवीय विचार–विनिमयको प्रमुख साधन नै भाषा हो । भाषाको क्रमिक विकास पनि मानवविकाससँगै भएको पाइन्छ । सुरुमा उच्चार्य वा कथ्य भाषाका रूपमा रहेको भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाजको विकाससँगै भाषाको पनि विकास हुँदै आयो र क्रमशः स्तरीयता प्राप्त गर्न थाल्यो । भाषाले साहित्यिक स्वरूप ग्रहण गर्न थालेपछि यसका प्रमुख दुई भेद देखिन थाले । छन्दशास्त्रीय नियमअनुसार छन्दमा बाँधिएको भाषाको साहित्यिक रूपलाई पद्य र छन्दमुक्त साहित्यिक भाषिक स्वरूपलाई गद्य भन्न थालियो । लेख्य भाषाका यी प्रमुख भेदमध्ये निबन्ध गद्य भाषामा लेखिने, आस्वादनका दृष्टिले साहित्यको श्रव्य भेदअन्तर्गत पर्ने आधुनिक साहित्यको जल्दोबल्दो साहित्यिक विधा हो । निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिँड्ने आत्म र वस्तु दुवै वा कुनै एक पक्षमा केन्द्रित तथा सुरुमा आभ्यासिक र पछि गएर स्वतःस्फूर्त पनि हुन सक्ने रमाइलो र छोटो गद्य विधा हो । गद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गए पनि सृजित वस्तुको प्रकाशन, प्रसारण, वितरण, संरक्षण एवम् सुपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रूपमा सिर्जना हुन थाल्यो । यसकारण विश्व साहित्यमा निबन्ध कनिष्ठतम विधा (सुवेदी, २०५६:१) । यसैको परिणाम स्वरूप नेपाली निबन्ध पनि नेपाली साहित्याकाशको कान्छो विधाका रूपमा देखापरेको छ ।

मानिस चिन्तनशील प्राणी हो । उसका पृष्ठभूमिमा अथाह ज्ञानराशि छन् भने वर्तमान जीवन भोगाइका तितामीठा पक्षहरू उसको आँखा सामुन्ने हुन्छन् । यस्तै अगाध ज्ञानराशिबाट एक पक्षको सानो बिन्दु टिपेर निबन्धलेखनको थालनी हुन्छ । त्यसको पनि भेउ नदिएर सानो लेखाजोखा वा दिग्दर्शन मात्र निबन्धले गर्न सक्छ । त्यसो नगरी सर्वाङ्ग चर्चा गर्ने प्रयास भएमा त्यो निबन्धको पहुँचभन्दा टाढा जान्छ अनि त्यसले एक ग्रन्थ वा शोध प्रबन्धकै रूप लिन पनि सक्छ । यसरी सीमित घेराभित्र रहेर असीमित विचार चियाउने र लगभग आधाघण्टाको एक बसाइमा पढिसकिने गद्यमय अभिव्यक्तिले निबन्धको नाउँ लिन पुग्छ ।

मानिसका मनमा नानाथरी कुराहरू व्यक्तअव्यक्त भएर रहेका हुन्छन् । सबैबाट यस्ता सोचाइ बाहिर निस्कन सक्दैनन् । मानवका नाताले अनुभूतिको स्तर समानधर्म जसतै देखिए पनि अध्ययन र साधनाको घटबढले अभिव्यक्तिलाई पनि प्रभाव पारेको हुन्छ, किनभने निबन्धलेखन पनि एउटा कला हो । साधना र अभ्यासले कलामा चमक आउँछ । अध्ययन र अभ्यासले अभिव्यक्तिमा परिपक्वता आउँछ । अभिव्यक्तिको सीपमा जति परिपक्वता आयो निबन्ध पनि त्यत्तिकै प्रौढ बन्न पुग्छ । हुन पनि जलाशयमा जत्रो भाँडो डुबायो त्यति मात्र पानी निकाल्न सकिन्छ । भाषिक सीप र प्रस्तुति सामर्थ्यले निबन्धमा पनि यस्तै काम गरेको हुन्छ । अनुभूति जतिसुकै तीव्र किन नहोस् अभ्यास नभएमा त्यसले विकसित रूप लिन सक्दैन । त्यसैले निरन्तर अभ्यास र साधनाविना निबन्धलेखन क्षमतामा अधुरोपना आउन सक्छ ।

निबन्धले अन्य विधाहरूमा माझ पनि आफ्नो अस्तित्त्व कायम गर्न सफल छ । प्रख्यात कवि, सिद्धहस्त नाटककारहरू पनि निबनध विधालाई छुन्छन् र त्यसमा आफ्नोपन समेत भरिदिन्छन् । यसरी कव्यकारिता, नाटकीयता र कथाकारिताको धेरथोर प्रभाव पनि निबन्धले ग्रहण गरेको हुन्छ । नभन्दै महाकवि लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा कविताको गन्ध आउँछ भने बालकृष्ण समका निबन्धहरू नाटकीय प्रभावबाट मुक्त हुन सकेका छैनन् । यसरी कथा, कविता, नाटक र उपन्यासका छेउछाउ घुमे पनि निबन्ध आखिर निबन्ध नै हो । निबन्धले आकार, प्रस्तुति र प्रबन्धनबाट आफ्नोपन स्पष्ट गरेको हुन्छ । निबन्धले आफ्नो क्षेत्रभित्र हास्यव्यङ्ग्यको मूल क्रीडाक्षेत्र निबन्ध नै हो । यसरी निबन्ध विधाले छुट्टै पहिचान कायम गरेको छ । छोटकरीमा निबन्ध विधालाई निम्नानुसार चिन्न सकिन्छः

- निजी भावना सम्प्रेषण गर्ने गद्यविधा,
- मनका कुरा पोख्ने माध्यम,
- धुलाको कणदेखि विशाल ब्रह्माण्डसम्म विषय हुन सक्ने,
- कुनै विषयमा आफू मिसिएर अथवा तटस्थ रहेर गरिने वर्णन,
- निरन्तर अभ्यास र साधनाबाट लेखनकलाको विकास हुने,
- साहित्यका अन्य विधाहरू कथा, कविता, नाटकको छाप पनि निबन्धमा पाइने,
- प्रस्तुतिगत चमकता पाइने विधा,
- आदि, मध्य र अन्त्यको संगठन ।

वस्तुतः वास्तविक वा काल्पनिक विषयवस्तुमा केन्द्रित, छोटो, छरितो, खंदिलो, सुगठित र आलङ्कारिक भाषाशैलीयुक्त छोटाछरिता अनुच्छेदहरूमा विभक्त हार्दिक अनुभूति रागात्मक पोखाइ भएको ललित, गद्यबन्धनमा संरचित, साहित्यिक रचना नै निबन्ध हो ।

## २.१.२ निबन्धः व्युत्पत्ति र अर्थ

पूर्वीय एवम् पाश्चात्य विद्वान्हरूले 'निबन्ध' शब्दको अर्थ आ–आफ्नै किसिमले लगाउँदै आएका छन् । यति भए पनि यस शब्दको उच्चारण गर्ने बित्तिकै पाठक र समालोचकका मनमा एउटा सर्वग्राह्य बिम्ब ह्वाट्ट आउँछ त्यो ललित गद्य भाषाको छोटो संरचना हो निबन्ध । पूर्वीय साहित्य इतिहासलाई कोट्याउँदा निबन्धको शाब्दिक प्रयोग निम्नानुसार हुँदै आएको भेटिन्छः 'नि' उपसर्ग लोगेको 'बन्ध' धातुमा 'घञ्' प्रत्यय हुँदा निबन्ध शब्द बन्दछ र यसको शब्दार्थ वा मौलिक अर्थ राम्ररी बाँध्नु हो (उपाध्याय, २०५८:१६०) । याज्ञवल्क्य स्मृतिमा 'निबन्धो द्रव्यमेव च' भनेर निबन्धलाई द्रव्यको अर्थमा लिइएको छ । गीतामा 'निबन्धायासुरीमता' भनेर सांसारिक मायामा बाँधिने अर्थमा निबन्ध शब्द आएको छ भने हेमचन्द्रले यसको प्रयोग सङ्ग्रहग्रन्थ, मूत्ररोधरूपी तथा बन्धनका अर्थमा गरेका छन् । प्राचीन कालमा लेख लेखिएका भोजपत्रहरूलाई तह लगाएर बाँध्ने वा सिउने जुन क्रिया हुन्थ्यो त्यसैलाई बुझाउने अर्थमा निबन्ध शब्दको प्रयोग हुन्थ्यो (हिन्दी साहित्यकोश, ज्ञानमण्डल लिमिटेड, वनारस, सं. २०१५) । कागत र मुद्रणयन्त्रको आविष्कार भइनसकेको प्राचीन समयमा लेखकहरूले भोजपत्र वा ताडपत्रमा लेख्नु र आफ्नो लेखोट हराएर, नासिएर जालान् भनी सिलसिला मिलाएर तिनलाई राम्ररी सूत्रमा उनेर राख्नु आवश्यक थियो । त्यो उन्ने काम राम्ररी हुनु पनि स्वाभाविकै थियो । त्यसैले यस बन्धनप्रक्रियालाई निबन्ध भनिएकोहुनुपर्छ । वामन शिवराम आप्टेद्वारा सम्पादित संस्कृत–हिन्दी शब्दकोशमा निबन्धका बाँध्नु, जोड्नु, आसक्ति, रचना, कुनै साहित्यिक ग्रन्थ वा कुनै कृतिको टीका, कुनै सङ्ग्रह, शृङ्खला आदि अनेक अर्थ दिइएको छ (उपाध्याय, २०५८:१६०) ।

'निबन्ध' शब्द संस्कृतबाट तत्सम शब्दका रूपमा नेपालीमा आएको हो । यसको शाब्दिक अर्थ हो पुरै बन्धन वा कसिएको रूप, तर साहित्यिक विधामा 'निबन्ध' शब्द अङ्ग्रेजीको एस्से (Essay) शब्दको पर्यायवाची भएर आएको छ । कुनै विषयवस्तु आफू रङ्गिएर वा तटस्थ रहेर गरिएको सङ्क्षिप्त गद्यमय अभिव्यक्ति निबन्धको अर्थ हो । कुनै वस्तु वा विषयबारे त्यसको स्वरूप, प्रकृति र गुणदोषमा लेखकको निजी चिन्तनधारा निबन्धले

बोकेको हुन्छ । वास्तवमा आज निबन्ध शब्द ल्याटिनको एलिग्जियर, फ्रेन्चको एसाइज र अङ्ग्रेजीको एस्सेको अनुवाद भएर देखापरेको छ । यसको शाब्दिक अर्थ हुन्छ परीक्षण र प्रयत्न । निबन्ध बढी सरल, स्वच्छन्द, आडम्बरहीन, व्यक्तित्वमिश्रित र पाठकसँग नजिकको साइनु राख्ने खालको हुन्छ । छरिएर रहेको चिन्तनभित्र पनि अन्तःसम्बन्ध र उन्मुक्त अभिव्यक्तिभित्र  पनि नियमित रखाइ निबन्धको आफ्नो विशेषता हो । वर्तमान समयमा निबन्धको शाब्दिक अर्थसँग अझ स्पष्ट हुन निम्नलिखित नेपाली शब्दकोषका शाब्दिक अर्थहरूलाई कोट्याउनु सान्दर्भिक ठानिन्छ ।

प्रयोगात्मक शब्दकोशले निबन्ध शब्दलाई कुनै वस्तु विचार तथा भावको शृङ्खलाबद्ध अभिव्यक्ति भएको गद्यरचनाको एक विधाका रुपमा परिभाषित गरेको छ । त्यस्तै नेपाली बृहत् शब्दकोशले निबन्ध शब्दको अर्थ कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना, साहित्यको एक गद्य विधाका रुपमा दिएको पाइन्छ ।

यसरी हेर्दा निबन्ध साहित्यिक विधाहरूमध्ये एक गद्य विधा हो । यसमा विचार तथा भावको शृङ्खलाबद्ध अभिव्यक्ति हुन्छ । निबन्धकारको शैलीअनुसार आत्मपरक र वस्तुपरक गरी निबन्धलाई वर्गीकरण गर्न सकिन्छ । वर्तमान निबन्धको अर्थ बन्धनको नजिक–नजिक छ र अर्थसङ्कोच भई साहित्यको एक विधाको रूपमा प्रयुक्त छ । साहित्यका गद्य र पद्य गरी दुई प्रमुख पाटामध्ये गद्य भएर पनि अझ आख्यानहीन, आत्माको रागात्मक अनुभूतिको प्रस्तुति ललित शैली, छोटो बसाइमा पढिसकिने गद्य भाषामा लेखिएको रचना नै निबन्ध हो ।

### २.१.३ निबन्धको परिभाषा

फ्रान्स र बेलायतमा निबन्धको जन्म ईस्वीको सोह्रौं शताब्दीको उत्तरार्द्ध ई. १५८० मा भएको हो । यसको श्रेय फ्रान्समा मोन्तेन र बेलायतमा बेकनलाई छ । मोन्तेनले उन्मुक्त रूपमा साना–साना आकारमा गद्य रचनामा भावनाप्रवाह बगाएका छन् । उनले नयाँ ढङ्गबाट नयाँ कुरा लेख्ने प्रयत्न गरे र त्यो प्रयत्न नै एस्से वा निबन्ध विधाका रूपमा स्थापित भयो । आफ्ना प्रयत्न (एस्से) बारे मोन्तेनको विनम्र भनाइ यस्तो छः 'यी मेरा स्वच्छन्द कल्पना विलास हुन् यिनबाट म कुनै नौलो वस्तुको आविष्कार गरें भन्ने स्वाँग पार्दिनँ र मेरो काम हो, केवल आफ्नो हृदय खोलेर देखाउनु ।' बेकनले ई. १५९६ मा निबन्धकलालाई अङ्ग्रेजीमा

भित्र्याएका हुन् । उनको भनाइ छः निबन्ध विकीर्ण चिन्तन हो (The essay is a dispersed Meditation)।

हड्सन (Hudson) -का अनुसार मोटामोटी रूपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । उनका अनुसार उद्भावकका मनमा उत्पन्न भएका विभिन्न भाव र विचारहरुलाई संगठित रुपमा संयोजित गर्नुलाई निबन्ध भनिन्छ । त्यसै गरी हिन्दीका आचार्य रामचन्द्र शुक्लको विचारमा  गद्य कविहरूको कसी हो भने निबन्ध गद्यको कसी हो ।

हरिहरनाथ टण्डनका अनुसार  भाव वा विचारलाई दरिलो र कसिलो शैलीमा बाँधेर राख्ने रचना नै निबन्ध हो । निबन्धमा कुनै एक विषय हुन्छ र विषयलाई भावपरक वा वस्तुपरक कुनै दृष्टिले विस्तारमा वर्णन गरिन्छ ।

नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाका अनुसार आफ्ना वस्तुतथ्यपरक,भावात्मक,वैचारिक आदि अभिव्यक्तिलाई छानिएका शब्दहरुको सहायताले शृङ्खलाबद्धरुपमा गरिने प्रस्तुति नै निबन्ध हो । निबन्धमा मिठास हुन्छ, जसले हृदयलाई आनन्दित गराउँछ ।

बदरीनाथ भट्टराईका अनुसार सत्य वस्तु देखाउने लेखकीय अन्तर्ज्योतिको शाब्दिक स्वरूप नै निबन्ध हो । त्यसै गरी बालकृष्ण पोखेलले निबन्धको परिभाषा गर्दा आत्मपरक निबन्धलाई महत्व दिएझैं लाग्छ । उनले आफ्नो परिभाषामा सबैभन्दा उत्कृष्ट निबन्ध निजात्मक निबन्ध हो भनेका छन् । निजात्मक निबन्ध निबन्धकारका वैयक्तिक विचार,भावना वा कल्पनाको प्रकाशन हो ।

माथि उल्लेख  गरिएका परिभाषाहरूको आधारमा के भन्न सकिन्छ भने कविता जस्तै निबन्धलाई पनि निश्चित परिभाषामा बाँध्न सकिन्न, तर पनि विभिन्न विद्वान्हरूको पृथक्-पृथक् धारणामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले निबन्धका केही आवश्यक तत्त्वहरूको उल्लेख गरेको पाइन्छ । यसै पृष्ठभूमिमा आवश्यकताको दृष्टिले निबन्धमा गद्यात्मकता, लघुता, वैयक्तिकता, घनिष्ठता हुनुपर्दछ भन्न सकिन्छ । सङ्क्षेपमा, निबन्धमा वैयक्तिक विचार वा अनुभूति विशेषको गद्यात्मक अभिव्यक्ति हुन्छ ।

वास्तवमा निबन्ध भनेको गद्यमा अभिव्यक्त भएको व्यक्तिको आत्मप्रकाशन हो । त्यसैले साहित्यमा अन्य विधाका तुलनामा निबन्ध मुक्तक कविताको धेरै नजिक हुन्छ । निबन्धमा कथाको एकोन्मुखता, एकाङ्कीको तीव्रता र समालोचनाको निर्भीकता र निष्पक्षता हुन्छ । एकातिर गीतको सरलता, सरसरता र कोमलता हुन्छ भने अर्कोतिर त्यही गीतिशिल्पको कलात्मक तीव्रता र प्रभावोत्पादक हुन्छ । अनुभूतिको तीक्ष्णता, विचारको सशक्तता, कल्पनाको तीव्रतालाई निबन्धका आवश्यक गुणको रूप लिन सकिन्छ ।

## २.२ भाषिक सीप र निबन्ध विधा

कलात्मक भाषिक प्रस्तुतिलाई निखार दिने तथा लिखित भाषिक अभिव्यक्तिमा सम्बद्ध लेखकको प्रतिभा र क्षमताको सहजताका साथ पहिचान गराउने साहित्यिक विधाको रूपमा निबन्धलाई लिइन्छ । दक्ष होस् वा सिकारु, निबन्धका माध्यमबाट नै स्रष्टाको भाषिक सामर्थ्यमा अपेक्षित प्रगति भएको हुन्छ । त्यसैले भाषिक सीपको विकासमा निबन्ध विधाको महत्वपूर्ण भूमिका हुन्छ ।

### २.२.१ भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक र लेखाइ सीप

**समग्र शैक्षिक** क्रियाकलापहरू भाषाकै माध्यमबाट चलिरहेका हुन्छन् । विद्यार्थीहरूमा भाषिक सीपको विकासमा भाषापाठ्यक्रम र भाषा सिकाइसम्बन्धी भाषापाठ्यपुस्तकहरू आवश्यक हुन्छन् । यस्ता पाठ्यक्रम र पाठ्यपुस्तकहरू विद्यार्थीहरूको लेखाइ सीपको विकासमा सहयोगी हुन्छन् ।

#### २.२.१.१ भाषापाठ्यक्रम

भाषा मानवीय वस्तु हो । मान्छेका मनमा लागेको कुराहरूको आदानप्रदान तथा सिर्जनात्मक प्रस्तुतीकरणको माध्यम भाषा हो । समुदायमा सम्पूर्ण ज्ञानविज्ञान तथा क्रियाकलापहरू भाषाकै माध्यमबाट चलिरहेकै हुन्छ । विद्यार्थीहरूमा भाषिक सीप विकासका निमित्त भाषापाठ्यक्रमको आवश्यकता पर्दछ । भाषापाठ्क्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषाशिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्गदर्शकको काम गरेको हुन्छ । भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्त क्षेत्रका विविध पक्षहरू आर्जन गर्नका निमित्त गरिने सम्पूर्ण प्रयास भाषापाठ्यक्रमअन्तर्गत पर्दछन् । वास्तवमा पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्गदर्शक हो । अर पाठ्यक्रम जस्तै गरी भाषापाठ्यक्रमले पनि विद्यालयभित्र र बाहिर विद्यार्थीहरूले गर्ने सम्पूर्ण अनुभवलाई समेट्दछ ।

भाषिक सीपसँग सम्बन्धित बोधअन्तर्गत श्रुति र पठन तथा अभिव्यक्तिअन्तर्गत बोलाइ र लेखाइ सीपहरू पर्दछन् । कुनै पनि तह वा कक्षाका लागि भाषाशिक्षण गर्न वा लक्षित भाषाका सीप र समभ्रूहरू स्तरअनुकूल विकास गर्नका लागि निर्माण गरिने मार्गदर्शक कार्यक्रम भाषापाठ्यक्रम हो (शर्मा र पौडेल, २०६०:३३३) ।

### २.२.१.२ भाषापाठ्यपुस्तक

जुनसुकै शिक्षा व्यवस्थामा पनि पाठ्यपुस्तकको जरुरत पर्दछ । हाम्रो जस्तो देशमा विद्यालयमा हुने सम्पूर्ण कार्यकलाप पाठ्यपुस्तकमै केन्द्रित हुन्छन् । पाठ्यपुस्तक शिक्षक विद्यार्थी दुवैका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ । पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य प्राप्तिका लागि विद्यार्थी र शिक्षकलाई मार्गदर्शन गर्ने काम पाठ्यपुस्तकले गर्दछ । पाठ्यपुस्तकले विद्यार्थीहरूलाई गृहकार्य, पुनरावृत्ति र अभ्यास गर्न सहयोग गर्दछ । पाठ्यपुस्तकले विद्यार्थीहरूलाई गृहकार्य, पुनरावृत्ति र अभ्यास गर्न सहयोग गर्दछ । पाठ्यपुस्तक कति लोकप्रिय हुन्छ भने यसलाई “मुद्रित शिक्षक” समेत भनिन्छ (अधिकारी र शर्मा, २०६१:२४) ।

कुनै पनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरूप लेखिएका हुन्छन् । भाषापाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रमअनुरूप तयार गरिएको हुन्छ । यो भाषाशिक्षण-सिकाइको महत्त्वपूर्ण आधिकारिक सामग्री हो । भाषापाठ्यक्रम भाषाशिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपुस्तक त्यसैको व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्यपूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषापाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, सांवेगिक, बौद्धिक पक्षका साथै उनीहरूको रुचि, आवश्यकता तथा सिकाइ प्रवृत्तिसमेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बँधी तयार गरिएको हुन्छ । भाषापाठ्यपुस्तक मूलतः भाषाका चार सीपहरू सुनाइ, बोलाइ, लेखाइ, पढाइमा केन्द्रित हुन्छ । अन्य पाठ्यपुस्तकहरूमा भाषा साधन र विषयवस्तु साध्यवस्तु हुन्छ भने भाषापाठ्यपुस्तकमा भाषा नै साधन र साध्य दुवै हुन्छ । यसको अर्थ भाषापाठ्यपुस्तकमा भाषा सिक्ने साधनका रूपमा मात्र विषयवस्तुलाई लिइन्छ ।

### २.२.१.३ लेखाइ सीप

भाषापाठ्यक्रमको निर्देशनमा भाषापाठ्यपुस्तकको निर्माण गरिन्छ । भाषापाठ्यपुस्तकमा भाषालाई साधन र साध्य दुवै रूपमा समावेश गरिएको हुन्छ । भाषाका

चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइसँग भाषापाठ्यक्रम तथा पाठ्यपुस्तक केन्द्रित रहन्छन् । भाषाद्वारा व्यक्तिले एकअर्काका विचार तथा भावनाको आदानप्रदान गर्छ । यस्तो आदानप्रदानमा यिनै चार सीपहरू संलग्न हुन्छन् । यीमध्ये सुनाइ र पढाइ बोध वा आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् ।

आफ्ना मन मस्तिष्कमा रहेका भाव एवम् विचारलाई लिपिचिह्नहरूको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । लिपिचिह्न, लेख्ने योग्यता, सही हिज्जेको जानकारी तथा आफ्ना विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ उपयोगी हुन्छ । विद्यार्थीहरूमा लेखन सीप विकास गराउन चित्रवर्णन, अनुलेखन, श्रुतिलेखन, चिठीलेखन, भाव व्याख्या, कथालेखन, कवितालेखन, अनुच्छेदलेखन, प्रतिवेदनलेखन, निबन्धलेखन जस्ता लेखनकलासँग सम्बन्धित कार्यकलापहरू गराइन्छ । भाषिक संरचना तथा शब्दभण्डारको ज्ञन हुनु लेखाइ सिप विकास गर्न महत्त्वपूर्ण कुरा हो ।

भाषाका चारै सीपहरू एक आपसमा सम्बन्धित छन् । यिनीहरूको आ–आफ्नै महत्त्व रहेको हुन्छ । मूलतः लेखाइकलामार्फत आफूले आर्जेका ज्ञान तथा अनुभवहरूलाई भविष्यका लागि सञ्चित गर्न सकिने हुँदा यस अर्थमा सुनाइ, बोलाइ, पढाइ सीपहरूभन्दा लेखाइ सीपको अझ महत्त्व रहेको छ भन्न सकिन्छ ।

### २.२.२ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

आफ्ना अनुभव एवम् विचारलाई लिपिबद्ध गर्नु लेखाइ हो । लिपि चिह्न लेख्ने योग्यता, सही हिज्जेको जानकारी तथा आफ्नो विचार कसरी अभिव्यक्त गर्ने भन्ने क्षमता विकास गर्ने शिक्षणलाई लेखाइ शिक्षण भनिन्छ । लेखाइ अभिव्यक्तिको विशिष्ट सीप हो । आफ्ना अनुभव एवम् विचारलाई विस्तृत परिवेश दिँदै प्रस्तुत गर्न र आफ्ना अभिव्यक्तिहरूलाई पछिसम्म उपयोगी हुन सक्ने बनाउन लेखाइको आवश्यकता पर्दछ । लेखाइ क्षमताको विकास गराउन विद्यार्थीहरूलाई लेख्य भाषामा प्रयुक्त लिपिबद्ध र तिनीहरूको उच्चार्य स्वरूपसँग परिचित गराउनका साथै ती चिह्नहरू लेख्ने अभ्यास गराउनु पर्दछ । यसरी विद्यार्थीहरूलाई मौखिक भाषाको अभिव्यक्तिका साथसाथै लिखित भाषाको अभिव्यक्तिप्रति तहगत स्तरीयताका आधारमा सचेत गराउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । आफूले आर्जेका सामाजिक, सांस्कृति आदि पक्षका ज्ञान तथा अनुभवहरूको विवरण

अरू समक्ष प्रस्तुत गरी उनीहरूलाई फाइदा पुऱ्याउन र अरूले त्यसरी प्रस्तुत गरेका विवरणबाट आफूले पनि फाइदा लिन लेखनकला उपयोगी हुन्छ । जसलाई अझ उपयोगी बनाउन लेखाइ शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ ।

सिर्जनात्मक शक्तिको विकास गराउन तथा लेखनमा गति, क्रमबद्धता र सङ्क्षिप्तता ल्याउन पनि लेखाइ शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । विभिन्न विषय, अभिव्यक्ति र प्रसङ्गअनुसार भाषिक शैलीको चयन गर्ने क्षमता विकास गराउनका साथै हिज्जे, चिह्न र अनुच्छेद मिलाएर लेख्ने सीपको विकास गर्न लेखाइ शिक्षण उपयोगी हुन्छ । सफा अक्षरमा लेख्न, व्याकरणसम्मत भाषाको प्रयोग गर्ने क्षमता बढाउन लेखाइ शिक्षण महत्त्वपूर्ण हुन्छ ।

लेखनकला आफैंमा शिक्षणसिकाइको महत्त्वपूर्ण अङ्ग हो । सम्पूर्ण कक्षा कार्यकलापहरू लेखनकै सेरोफेरोमा सञ्चालित हुन्छन् । लेखनकै माध्यमले भाषिक तथा संज्ञानात्मक कार्यकलापहरू गराइन्छन् । प्रारम्भिक तहदेखि माथिल्लो तहसम्म शैक्षिक मूल्याङ्कनको प्रक्रियाले लेखन सीपसँग सोझो सम्बन्ध राख्दछ । लेखनकलामा कमजोरी हुँदा कुनै पनि तह पूरा गर्न समस्या पर्न सक्छ त्यसैले यस्तो अवस्था सिर्जना नहोस् भन्नका लागि विद्यार्थीहरूमा लेखन क्षमता बढाउँदै लैजानु अत्यावश्यक भइसकेको छ । लेखन क्षमताको विकास गर्दै लैजान लेखाइ शिक्षणले पृथक्-पृथक् तहमा आ-आफ्नै महत्त्व राख्दछ । यसरी विद्यार्थीहरूमा लेखनकलाको विकास गर्दै लैजान लेखाइ शिक्षणको विकल्प छैनभन्दा सन्देह लाग्दैन ।

### २.२.३ लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान

भाषाका दुई रूपहरू हुन्छन्ः मौखिक र लिखित । मनका अन्तर्भावनाहरूलाई ध्वन्यात्मक सङ्केतमा अभिव्यक्त गर्दा मौखिक भाषा तयार हुन्छ । ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । लेखाइबाट मानिसले आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्छ । लेखाइ कुनै पनि स्थान र सीमामा बाँधिन सक्दैन । लेखाइ शाश्वत र सार्वभौम हुन्छ । भाव प्रकाशनको माध्यम लेखाइ सीपबाट विषयवस्तुलाई छान्ने त्यसैअनुरूप वाकय संरचना तथा शब्दावलीको छनोट गर्ने क्षमता विकास हुन्छ । विद्यार्थीहरूमा लेखनकलालाई परिष्कृत, परिमार्जित र विकसित गर्दै लैजान विभिन्न विधाहरूको लेखन अभ्यासले सहयोग प्राप्त हुन्छ । त्यसैले प्रारम्भिक तहदेखि नै चित्रवर्णन, यात्रावर्णन, अनुलेखन, श्रुतिलेखन, निवेदनलेखन जस्ता विभिन्न लेखनकलासँग सम्बन्धित

क्रियाकलापहरू गराएर विद्यार्थीहरूमा लेखन क्षमता बढाउन प्रयत्न गरिन्छ । तहगत आधारमा दैनिकी लेखन, बुँदाटिपोट, भावविस्तार, सारांश⁄संक्षेपीकरण अनुच्छेदलेखन, निबन्धलेखन, प्रतिवेदनलेखन लगायत अन्य सिर्जनात्मक, निर्देशित तथा अभ्यासिक लेख लेख्न लगाएर विद्यार्थीहरूको लेखन क्षमतामा विस्तार गर्दै लैजाने प्रयास गरिन्छ ।

निबन्धलेखन लेखनकलाको महत्त्वपूर्ण कार्यकलाप हो । यसबाट निर्देशित र स्वतन्त्र दुवै किसिमका अभ्यासहरू गराउन सकिन्छ । बालबालिकाहरूलाई प्रारम्भिक कक्षाहरूमा उनीहरूसँग परिचित विषयमा छोटो निबन्ध लेख्न लगाइ लेखन सीप विकास गराउने प्रयत्न गरिन्छ । प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक पाठ्यक्रमका अतिरिक्त विश्वविद्यालयअन्तर्गत पनि निबन्धलेखनसम्बन्धी अभ्यासहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । यस कुराले पनि लेखनकलाको क्षमता बढाउन निबन्धलेखन उत्कृष्ट कार्यकलाप भएको भन्न सकिन्छ । निबन्धलेखनमा वर्णविन्यासगत, व्याकरणगत, शब्दभण्डार, चिह्नप्रयोग, वाक्यगठन, विषयवस्तुको आदि, मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइसम्बन्धी सम्पूर्ण नियमहरू समावेश भएका हुन्छन् । यसर्थ विद्यार्थीहरूमा सम्पूर्ण लेखाइसम्बन्धी धारणात्मक, प्रयोगात्मक, संज्ञानात्मक सीप विकास गराउन निबन्धलेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान महत्त्वपूर्ण सावित हुन्छ ।

### २.२.४ विद्यालयतहमा निबन्ध–शिक्षणको प्रयोजन

निबन्धको मुख्य उद्देश्य निबन्धन सीप हासिल गर्नु हो र आफ्ना आफ्ना वस्तुतथ्यात्मक, भावात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापरक्रम मिलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुति गर्ने सीप आर्जन गर्नु हो (शर्मा र पौडेल, २०६१:१२८) । विद्यार्थीहरूलाई आफूले देखेका, अनुभव गरेका र पढेका कुराहरू सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्न सिकाउनु नै निबन्धलेखनको मुख्य उद्देश्य हो । निबन्ध विधा अन्य विधाहरूभन्दा प्रौढ, खदिलो तथा बौद्धिक अभिव्यक्ति हो । निबन्ध विधालाई भाषागत साहित्य शिक्षणका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । हाल माध्यमिक तहमा निर्धारण गरिएको नेपाली पाठ्यक्रमको सन्दर्भमा उल्लेख गर्दा खासगरी साहित्यिक विधाका रूपमा यसको शिक्षणका मुख्य प्रयोजनहरू निम्नानुसार छन्:

(क) निबन्ध शिक्षणको मुख्य प्रयोजन लेखनकलाको समुचित विकास गर्नु,

(ख) स्वतन्त्र लेखनको सुसङ्गठित रूप पहिचान र अबलम्बन गर्न सिकाउनु,

(ग) स्वतन्त्र विचार प्रकट गर्ने क्षमताको विकास गर्नु,

(घ) स्थान र प्रसङ्गअनुसार भाषिक शब्दावलीको प्रयोग गर्न सक्षम तुल्याउनु,

(ङ) स्पष्ट र शुद्ध रूपमा लेख्य अभिव्यक्ति गर्न सक्ने तुल्याउनु,

(च) बोध र अभिव्यक्तिको विकासका अलावा कुनै विस्तारित सामग्रीहरूलाई सङ्क्षेपमा सङ्क्षेपलाई विस्तारमा अभिव्यक्त गर्ने सीपको विकास गराउनु,

(छ) साहित्यप्रति अनुराग बढाउन र साहित्यिक सिर्जना गर्नतर्फ अभिप्रेरणा जगाउनु,

(ज) साहित्यिक सर्जकहरूका रचनाका आधारमा समीक्षात्मक तथा विश्लेषणात्मक रूपमा पहिचान गर्ने क्षमता विकास गराउनु ।

यसरी माथि उल्लिखित प्रयोजनबाहेक निबन्धशिक्षणको प्रयोजनले अन्य विधाहरूको शिक्षणमा पनि सोझो सम्बन्ध राख्दछ । समग्रमा विद्यार्थीहरूमा लेखाइ सीपको विकास गराउन निबन्ध शिक्षणको प्रमुख भूमिका रहन्छ भन्दा अन्याय हुँदैन ।

### २.२.५ विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा निबन्धविधाको स्थान र शिक्षण प्रक्रिया

'निबन्ध' लाई 'प्रबन्ध' शब्दले पनि चिनाइन्छ । त्यसरी नै यो शब्द लेख-निबन्धका रूपमा प्रचलित छ । यसले तथ्यपरक र सूचनामूलक, जानकारीमूलक सामान्य लेखदेखि ठूला-ठूला साहित्यिक प्रतिभाद्वारा सिर्जित अत्यन्त आत्मपरक निबन्धात्मक रचनालाई आत्मसात गरेको पाइन्छ । निबन्धलेखन लखाइ शिक्षणको प्रमुख कार्यकलाप भएबाट विद्यालयको प्रारम्भिक तहदेखि नै यसलाई समावेश गरिएको छ । मूल रूपमा लेखाइसँग सम्बन्धित सिर्जनात्मक क्षमता विकास गराउँदै नेपाली भाषाको मानक रूपसँग परिचित गराउने प्रमुख धेय निबन्धलेखन शिक्षणको रहेको छ । विद्यालय तहका वर्तमान पाठ्यक्रमहरूमा निबन्ध विधाअन्तर्गत के-कस्ता क्षेत्रहरूलाई समेटिएको छ तथा शिक्षण प्रक्रियालाई कसरी परिभाषित गरिएको छ भन्नेतर्फ अध्येताबाट प्रस्तुत अध्ययनमा खोजी गर्न प्रयत्न गरिएको छ । वतमान विद्यालय तहका पाठ्यक्रमहरूमा निबन्ध विधाका विधागत स्थान र शिक्षण प्रक्रियालाई क्रमबद्ध रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.२.५.१ प्राथमिक शिक्षा पाठ्यक्रम–२०४९

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले प्राथमिक तहलाई कक्षा एकदेखि पाँचसम्म परिभाषित गरेको छ । यस पाठ्यक्रमले नेपाली भाषा विषयअन्तर्गत निम्न क्षेत्रलाई समेटेको पाइन्छ । **भाषिक सीप** (सुनाइ, बोलाइ, लेखाइ, पढाइ), **भाषिक सीपका क्षेत्रहरू** (उच्चारण, बोध, श्रुति र पठन, कार्यमूलक व्याकरण, शब्दकोष), **शब्दभण्डार,वाक्यका शब्दसंख्या ।** पाठ्यक्रममा कक्षा पाँचको अन्त्यमा विद्यार्थीहरूले नेपाली भाषा विषयमा हासिल गर्न सिकाइउपलब्धिहरू शीर्षकमा विविध क्षेत्र तथा भाषिक सीपहरूको उपलब्धि क्षमतालाई अङ्कित गरिएको छ । यसरी भाषिक सीपहरू सुनाइ,बोलाइ, पढाइ, लेखाइअन्तर्गत निम्न पक्षहरूलाई समावेश गरिएको छ ।

**चिन्हहरूः**

- पूर्णविराम, अर्धविराम, प्रश्नवाचक, अल्पविराम, विस्मयादिबोधक, उद्धरण, योजक र हिज्जे मिलाइएर ठीक दुरिमा सफासँग अरूलाई बुझाउन सक्ने गरी लेख्न ।
- स्वतन्त्र रूपमा छोटा (अनुच्छेद, चिठी, निवेदन र प्रबन्ध) रचनाहरू गर्न ।
- बैङ्क र चेक लेख्न र फारामहरू भर्न ।

यसरी यस पाठ्यक्रममा प्रबन्धनात्मक छोटो रचनाका रूपमा निबन्धलेखनलाई स्थान दिएको छ । छोटा-छोटा अनुच्छेदहरू सरलशैलीमा लेख्न, वस्तु तथा चित्ररुको वर्णन गर्न, स्वतन्त्र रूपमा छोटा रचनाहरू जस्तैः औपचारिक चिठी, निवेदन, घरायसी चिठी तथा निबन्ध लेख्न लगाएर विद्यार्थीहरूमा लेखन क्षमता विकास गराउने पक्षमा पाठ्यक्रम सकारात्मक देखिन्छ । परिचित शीर्षकमा विद्यार्थीहरूले प्रबन्ध लेख्न सक्ने बनाउनु प्राथमिक नेपाली भाषा पाठ्यक्रमको उद्देश्य रहेबाट निबन्धलेखन प्रक्रियालाई यस पाठ्यक्रमले लेखाइ सीप विकासका लागि प्रमुख रूपमा लिएको मान्न सकिन्छ ।

### २.२.५.२ निम्न माध्यमिक पाठ्यक्रम २०५८ (परिमार्जित संस्करण)

कक्षा छ, सात, आठ गरी जम्मा ३ (तीन) वटा कक्षाहरूलाई निम्न माध्यमिक पाठ्यक्रम २०५८ ले निम्न माध्यमिक तह भनेर परिभाषित गरेको छ । यस पाठ्यक्रमले नेपाली विषयमा विधागत क्षेत्र निर्धारणका क्रममा प्रबन्ध/निबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता, व्याकरण, शब्दभण्डारजस्ता विधाहरूलाई समेटेको पाइन्छ । यो तह पूरा भएपछि विद्यार्थीहरूले प्राप्त गर्ने सिकाइ उपलब्धिहरूका सन्दर्भमा स्तरअनुसारका विषयहरूमा

सन्दर्भ र सिलसिला मिलाई मौलिक रचना गर्न तथा स–साना मौलिक रचनाहरू सन्दर्भ र सिलसिला मिलाई लेख्न समक्षम हुनु लगायतका उद्देश्यहरू राखिनुले लेखाइ सीपसम्बन्धी क्षमता बढाउन पाठ्यक्रमले महत्त्व दिएको छ भन्न सकिन्छ । त्यसैगरी कक्षा आठअन्तर्गत लेखाइसम्बन्धी उद्देश्यहरूमा स्तरअनुसारका विषयहरूमा सिलसिला मिलाई प्रबन्ध लेख्न सक्ने उद्देश्य समावेश गरिएबाट प्रबन्धलेखनलाई पाठ्यक्रमले विशेष रूपमा हेरेको पाइन्छ ।

पाठ्यक्रमको विधागत वितरणलाई हेर्दा अन्य विधाहरूको भन्दा प्रबन्ध/निबन्ध विधाका क्षेत्रहरू बढी समावेश गरिएको देखिन्छ । जसअन्तर्गत सामाजिक/सांस्कृतिक, प्राकृतिक/वातावरणीय, कलात्मक, वैज्ञानिक/प्राविधिक, व्यावसायिक क्षेत्रकानिबन्धहरूलाई समावेश गरिएको छ। कक्षा छ, सात र आठमा निबन्ध विधाको क्षेत्रगत वितरणमा समान स्थिति रहेको छ । पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकको निर्माण गर्दा निबन्ध विधाको शिक्षणका अतिरिक्त सिर्जनात्मक क्रियाकलाप शीर्षकमा विभिन्न विषयमा निबन्ध लेख्न निर्देश गरिएका अभ्यासहरू समावेश गरिएका छन् । त्यस्ता अभ्यासहरूले विद्यार्थीहरूमा निबन्धलेखन क्षमता बढ्दै जानुको अतिरिक्त लेखाइकलाको विकास गर्दै लैजान मद्दत गर्दछ ।

यसैगरी प्रबन्ध/निबन्ध शिक्षण प्रक्रियालाई निम्नानुसार उल्लेख गरिएको छः यस विधाको मुख्य प्रयोजन विद्यार्थीहरूमा गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौनपठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ। यसका अतिरिक्त गद्यांशको सस्वरपठन बुँदागतटिपोट, सारांश, भावविस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुतिलेखन तथा अनुलेखन जस्ता अभ्यास गराउनु आवश्यक छ ( अनिवार्य नेपाली निम्नमाध्यमिक पाठ्यक्रम, २०५८:१०) ।

माथि उल्लिखित शिक्षण प्रक्रियामा दृष्टिगत गर्दा निबन्ध विधा शिक्षणका अतिरिक्त निबन्धलेखन शिक्षणमा पनि विशेष महत्त्व दिएको देखिन्छ। खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा निबन्धलेखनको अभ्यास गराउनुपर्छ भन्ने कुराले निबन्धलेखन क्षमतासँग सोझो सम्बन्ध राख्दछ । त्यसैले समग्रमा भन्नुपर्दा निम्नमाध्यमिक पाठ्यक्रम २०५८ ( परिमार्जित संस्करण) मा निबन्धलेखन शिक्षणको महत्त्वपूर्ण स्थान रहेको निर्विवाद छ । पाठ्यक्रममा उद्देश्यहरू समावेश गर्ने क्रममा लेखाइ सीपअन्तर्गत रहेका उद्देश्यहरू निबन्धलेखनसँग बढी सम्बन्धित रहेको प्रसङ्गले यस कुराको पुष्टि गर्दछ ।

### २.२.५.३ माध्यमिक शिक्षा पाठ्यक्रम – २०५५

माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ ले कक्षा नौ र दशलाई माध्यमिक तहका रूपमा परिभाषित गरेको छ । यस तहको शिक्षाको उद्देश्यलाई यस प्रकार उल्लेख गरिएको छः राष्ट्रिय परम्परा, संस्कृति एवम् सामाजिक वातावरणसँग परिचित, प्रजातान्त्रिक मूल्य र मान्यतासँग परिचित, भाषिक व्यवहारमा सक्षम, वैज्ञानिक सुझबुझ भएका, सृजनशील, सहयोगी, उद्यमशील, स्वावलम्बी एवम् आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने स्वस्थ र सक्षम नागरिक तयार गर्ने ।

यसैगरी तहगत उद्देश्यका आधारमा विषयगत उद्देश्यहरूलाई समावेश गरिएको छ । विद्यालय तहको पठनपाठन कार्यमा नेपाली भाषा शिक्षणले महत्त्वपूर्ण स्थान ओगटेको छ । विद्यालयमा प्रारम्भिक तहदेखि अनिवार्य रूपमा अध्यापन हुँदै आएको नेपाली विषयको शिक्षण प्रभावकारी एवम् व्यावहारिक हुनुपर्दछ । नेपाली भाषा राष्ट्रभाषा, साझाभाषा एवम् माध्यम भाषा साथै सम्पर्कभाषाको रूपमा रहेको हुँदा यसका लागि उपयुक्त पाठ्यक्रम र पाठ्यपुस्तक हुनुपर्छ भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन । विद्यालय तहमा नेपाली भाषाको शिक्षण प्रयोजन भाषिक दक्षता अभिवृद्धि गर्नका साथै अन्य विषयहरूको पठनपाठनको माध्यमलाई सहयोग गरी बोध पक्ष र अभिव्यक्तिको विकास गर्नु रहेको छ (अनिवार्य नेपाली माध्यमिक शिक्षा पाठ्यक्रम २०५५, दो.सं., २०५७:४) । यसरी हेर्दा यस पाठ्यक्रमले नेपाली भाषाको शिक्षणका पछाडि भाषिक दक्षता हासिल गराउनु प्रमुख लक्ष्य राखेको देखिन्छ ।

अनिवार्य नेपाली माध्यमिक पाठ्यक्रम २०५५ मा भाषिक सीपअन्तगर्तत छुट्टाछुट्टै उद्देश्यहरू निर्धारण गरिएको छ । यसैक्रममा लेखाइ सीपभित्र १० वटा उद्देश्यहरूलाई छुट्याइएको छ । सातौं क्रममा लेखिएको : स्तरअनुसारका विषयहरूमा सिलसिला मिलाएर अनुच्छेद छुट्याई निबन्ध लेख्न भन्ने उद्देश्यले निबन्धलेखनलाई सङ्केत गरेको छ । यहाँ अध्येताले यस पाठ्यक्रममा निबन्ध विधाको स्थान कस्तो रहेको भन्नेतर्फ अध्ययन केन्द्रित गरेका छन् । यस पाठ्यक्रमले नेपाली भाषाको समसामयिक विषयवस्तुलाई समावेश गर्ने क्रममा निबन्ध/प्रबन्ध, कथा, जीवनी, चिठी, रूपक, दैनिकी, कविता भाषातत्त्व, शब्दभण्डार जस्ता विधाहरूको वर्गीकृत रूपमा वितरण गरेको पाइन्छ । क्षेत्रगत रूपमा हेर्दा सामाजिक, प्राकृतिक तथा वातावरणीय, कलाकौशल तथा सौन्दर्य, सांस्कृकि तथा ऐतिहासिक, वैज्ञानिक तथा प्राविधिक र व्यावसायिक क्षेत्रका निबन्धहरूलाई यस पाठ्यक्रममा समावेश गरेको देखिन्छ । यसरी संयोजन गरिएका निबन्धहरू माध्यमिक तहमा निबन्ध विधा शिक्षणको

रूपमा आएका छन् । सोही पाठ्यक्रमअनुरूप निर्माण गरिएका पाठ्यपुस्तकहरू दिएका अभ्यासहरूमा सिर्जनात्मक अभ्यास शीर्षक दिएर विभिन्न विषयहरूमा निबन्ध लेख्न प्रेरित गरिएको छ । यस कुराले निबन्ध विधा शिक्षण तथा निबन्धलेखन शिक्षण दुवै पक्षमा पाठ्यक्रम सकारात्मक भएको देखिन्छ ।

माध्यमिक पाठ्यक्रम २०५५ ले प्रबन्ध/निबन्ध शिक्षण प्रक्रियालाई निम्नानुसार उल्लेख गरेको छः यो विधाको शिक्षण गर्नुको तात्पर्य विद्यार्थीको विचारलाई शृङ्खलाबद्ध ढङ्गले अभिव्यक्ति दिन सक्ने क्षमताको विकास गर्नुका साथै आत्मपरक तथा वस्तुपरक रूपमा स्वतन्त्र विचार दिन सक्ने प्रवृत्तिको विकास गर्नु हो । विद्यालय तहमा खास गरी वर्णनात्मक निबन्ध/प्रबन्ध शिक्षण गरिन्छ । शिक्षण गर्दा अनुच्छेदबद्धता, अनुच्छेद अनुच्छेदबीचको अन्तर्सम्बन्ध आदि कुरामा ध्यान दिनु त्यत्तिकै आवश्यक हुन्छ । निबन्धलेखन कुनै विषयको शीर्षक दिएर वा प्रमुख बुँदाहरू उल्लेख गरेर पनि दिन सकिन्छ । यो विधाको शिक्षण गर्दा विवरणात्मक, समीक्षात्मक एवम् व्याख्यात्मक विधि अपनाइन्छ । सस्वर तथा मौनपठन, प्रश्नोत्तर, महत्त्वपूर्ण गद्यांशको प्रसङ्गसहित व्याख्या गर्ने आदि शिक्षण कार्यकलापहरू उपयुक्त हुन सक्दछ । यसका अतिरिक्त श्रुतिलेखन, शुद्धसँग सार्न लगाउने तथा कठिन शब्दको निरूपण गर्ने कार्यहरू पनि गराउन सकिन्छ (अनिवार्य नेपाली माध्यमिक पाठ्यक्रम २०५५, दो.सं., २०५६:११) ।

निबन्धलेखन शिक्षण र निबन्ध विधा शिक्षण पृथक्-पृथक् कुरा हुन् । निबन्धलेखन शिक्षणअन्तर्गत अनुकरणात्मक कार्यकलापहरू गराइन्छ । निबन्ध विधा शिक्षणअन्तर्गत साहित्यिक विधाका रूपमा यसको आश्वादन लिने, भाव वा विचार बुझ्ने, शैलीगत विशिष्टता अनुभव गर्ने, बोध र खासगरी आत्मपरक अभिव्यक्तिको परिष्कार गर्ने जस्ता सिकाइ उपलब्धिहरू पर्दछन् । यसरी हेर्दा माध्यमिक पाठ्यक्रममा निबन्ध विधा शिक्षण तथा निबन्धलेखन शिक्षण दुवै पक्षमा समानता पाइन्छ । पाठ्यक्रममा समावेश गरिएको मूल्याङ्कन अङ्कभारमा पनि निबन्ध विधालाई व्याकरण र शब्दभण्डार बाहेक अन्य क्षेत्रहरूमा समावेश गरिएको छ ।

## २.३ सारांश

कक्षा नौ तथा दशको वार्षिक परीक्षामा पनि निबन्धलेखनसम्बन्धी प्रश्नलाई १० प्रतिशत स्थान दिइन्छ । यसका साथै विद्यालय तह पास गरी उच्चशिक्षा अध्ययन गर्नका लागि

राष्ट्रियस्तरमा लिइने एस.एल.सी. परीक्षामा पनि अनिवार्य नेपालीअन्तर्गतको प्रश्नमा १० प्रतिशत अङ्क निबन्धलेखनको मूल्याङ्कनात्मक प्रश्नलाई छुट्याइएको छ । यस कुराले विद्यालय तहमा निबन्धलेखनसम्बन्धी अध्ययन अध्यापनलाई विशेष महत्त्वका साथ हेरिएको सङ्केत गर्दछ । निबन्धलेखनबाट विद्यार्थीहरूमा नेपाली भाषाको मानक लेखन क्षमता बढाउँदै लैजान सहज हुन्छ । यसरी लेखन क्षमताको मनोवैज्ञानिक तबरले विकास गर्दै लैजान निबन्धलेखन प्रक्रियाले सकारात्मक भूमिका खेल्ने हुँदा विद्यालय तहका पाठ्यक्रममा निबन्ध विधा शिक्षण तथा निबन्धलेखन शिक्षण दुवै पक्षमा विशेष रूपमा ख्याल गरिएको पाइन्छ ।

# अध्याय – तीन

## व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनबाट धरानक्षेत्रका माध्यमिक तहका विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । परिच्छेद तीनमा प्रस्तुत गरिएको अध्ययन विधिअनुसार यहाँ शोधकर्ताद्वारा धरानक्षेत्रभित्रका १०० जना विद्यार्थीहरूबाट अध्ययनका लागि आवश्यक तथ्य सङ्कलन गरिएको छ ।

उक्त तथ्यलाई साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिकोणले व्यवस्थित गरियो । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशत गणनाविधि अगाडि सारिएको छ ।

### ३.१ सरकारी विद्यालयका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ३.१.१ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| प्राप्ताङ्क | मातृभाषी विद्यार्थीको संख्या | | | | विमातृभाषी विद्यार्थीको संख्या | | | | समग्र जम्मा | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | प्रतिशत | छात्र | छात्रा | जम्मा | प्रतिशत | | |
| ० – २० | १ | ० | १ | २ | १ | २ | ३ | ६ | ४ | ८ |
| २० – ४० | ५ | ६ | ११ | २२ | ५ | ५ | १० | २० | २१ | ४२ |
| ४० – ६० | ४ | ५ | ९ | १८ | ७ | ४ | ११ | २२ | २० | ४० |
| ६० – ८० | १ | २ | ३ | ६ | १ | १ | २ | ४ | ५ | १० |
| जम्मा | ११ | १३ | २४ | ४८ | १४ | १२ | २६ | ५२ | ५० | १०० |

उपर्युक्त तालिका अनुसार चार श्रेणी निर्धारण गरी निबन्धलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न सरकारी विद्यालयका विद्यार्थीहरुबाट नमुना प्रतिनिधि जनसंख्याको रुपमा ५० जना विद्यार्थीहरुलाई चयन गरिएको छ । प्रस्तुत अध्ययनमा तल्लो श्रेणीका रुपमा निर्धारण गरिएको २० प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या ८ प्रतिशत देखिन्छ जसमा मातृभाषी छात्र १ विमातृभाषी छात्र १ र विमातृभाषी छात्रा २ रहेकाछन् । २० प्रतिशतभन्दा माथि र ४० प्रतिशतभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको संख्या ४२ प्रतिशत देखिन्छ । यो श्रेणीमा मातृभाषी छात्र ५, छात्रा ६ र विमातृभाषी छात्र

५, छात्रा ५ गरी जम्मा २१ जना विद्यार्थी रहेका छन् । ४० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या ४० प्रतिशत उल्लेख छ । ती विद्यार्थीहरुमध्ये मातृभाषी छात्र ४, छात्रा ५ विमातृभाषी छात्र ७ र छात्रा ४ गरी जम्मा २० जना विद्यार्थीहरु रहेका छन् । ६० प्रतिशत भन्दा माथि र ८० प्रतिशत भन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या १० प्रतिशत देखिन्छ । जहाँ मातृभाषी छात्र १, छात्रा २ र विमातृभाषी छात्र १, छात्रा १ गरी जम्मा ५ जना विद्यार्थीहरु रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा उच्च श्रेणी मापन गरिएको ८० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरु नरहेको देखिनुले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निबन्धलेखन क्षमता उच्च नरहेको भन्न सकिन्छ ।

६० प्रतिशतलाई आधार मानेर समग्रमा ६० प्रतिशतभन्दा तल र माथि निर्धारण गरी माथिका विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गर्दा विद्यार्थीहरुको निबन्धलेखन क्षमतामा सन्तोषजनक तथ्य पाउन सकिँदैन । ६० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या ५ मात्र देखिनुले यस तथ्यलाई छर्लङ्ग पारेको छ । २० प्रतिशतभन्दा माथि र ४० प्रतिशतभन्दा तल क्षमताको अङ्कन गराउन सफल विद्यार्थीहरुको संख्या समग्र प्रतिशतको श्रेणीबद्ध प्रतिशताङ्कका आधारमा बढी अर्थात् ४२ प्रतिशत देखिनुले निबन्धविधासँग आंशिक रुपमा परिचित रहेका तर स्पष्ट हुन नसकेका विद्यार्थीहरुको संख्या बढी रहेको यथार्थलाई माथिको तथ्याङ्कले स्पष्ट पारेको छ । माथि प्रस्त'त गरिएको तालिकालाई निम्नान'सार स्तम्भ चित्रमा देखाउन सकिन्छ ।

## ३.२ निजी विद्यालयका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ३.२.१ निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| प्राप्ताङ्क | मातृभाषी विद्यार्थीको संख्या | | | | विमातृभाषी विद्यार्थीको संख्या | | | | समग्र जम्मा | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | प्रतिशत | छात्र | छात्रा | जम्मा | प्रतिशत | | |
| ० – २० | १ | – | १ | २ | १ | १ | २ | ४ | ३ | ६ |
| २० – ४० | ३ | ३ | ६ | १२ | ५ | ३ | ८ | १६ | १४ | २८ |
| ४० – ६० | ५ | ८ | १३ | २६ | ७ | ७ | १४ | २८ | २७ | ५४ |
| ६० – ८० | २ | २ | ४ | ८ | १ | १ | २ | ४ | ६ | १२ |
| **जम्मा** | **११** | **१३** | **२४** | **४८** | **१४** | **१२** | **२६** | **५२** | **५०** | **१००** |

उपर्युक्त तालिकाअनुसार चार श्रेणी निर्धारण गरी निबन्धलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न निजी विद्यालयका विद्यार्थीहरूबाट नमुना प्रतिनिधि जनसंख्याका रूपमा ५० जना विद्यार्थीहरुलाई चयन गरिएको छ। प्रस्तुत अध्ययनमा २० प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुदेखि लिएर ६० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुलाई प्रतिशताङ्क श्रेणीमा निर्धारण गरिएको छ । २० प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या ६ प्रतिशत उल्लेख गरिएको छ । जसमा मातृभाषी छात्र १, विमातृभाषी छात्र १,छात्रा १ गरी जम्मा ३ जना विद्यार्थीहरु रहेका छन् । २० प्रतिशतभन्दा माथि र ४० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या २८ प्रतिशत देखाइएको छ । ती विद्यार्थीहरु मध्ये मातृभाषी छात्र ३, छात्रा ३र विमातृभाषी छात्र ५, छात्रा ३ गरी जम्मा १४ जना विद्यार्थी हरुको उपस्थिति देखिएको छ। ४० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या ५४ प्रतिशत देखिएको छ।यो सम'हमा मातृभाषी छात्र ५, छात्रा ८ र विमातृभाषी छात्र ७, छात्रा ७ गरी जम्मा २७ जना विद्यार्थीहरु रहेका छन्। ६० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या १२ प्रतिशत मध्ये मातृभाषी छात्र २, छात्रा २ र विमातृभाषी छात्र १,छात्रा २ गरी जम्मा ६ जना मात्र विद्यार्थीहरु यो सम'हमा रहेका छन्। यो सम'हमा १२ प्रतिशत मात्र विद्यार्थीको उपस्थिति देखिएको हुँदा निबन्धलेखनमा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको क्षमता कमजोर रहेको देखिन्छ।

६० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी तालिकाको अध्ययन गर्दा निजी विद्यालयका विद्यार्थीहरुको निवन्धलेखन क्षमता सन्तोषप्रद देखिँदैन । एक तिहाइभन्दा कम अर्थात् १२ प्रतिशत विद्यार्थीहरुले मात्र ६० प्रतिशतभन्दा मथि निबन्धलेखन क्षमताको अङ्कन गराउन सफल भएको तथ्यले निजी विद्यालयका विद्यार्थीहरुको निबन्धलेखन क्षमताको अति कमजोरपना छर्लङ्ग्याएको छ ।यसलाई निम्नान'सार स्तम्भ चित्रमा प्रस्त'त गर्न सकिन्छ :-

## ३.३ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ३.३.१ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| प्राप्ताङ्क | सरकारी विद्यालयका विद्यार्थीको संख्या | | | | निजी विद्यालयका विद्यार्थीको संख्या | | | | समग्र जम्मा | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | प्रतिशत | छात्र | छात्रा | जम्मा | प्रतिशत | | |
| ० - २० | १ | १ | २ | ४.२५ | १ | - | १ | २.१३ | ३ | ३६.३८ |
| २० - ४० | २ | ३ | ५ | १०.६४ | २ | ५ | ७ | १४.८९ | १२ | २५.५४ |
| ४० - ६० | ६ | ७ | १३ | २७.६७ | ७ | ५ | १२ | २५.५३ | २५ | ५३.१९ |
| ६० - ८० | १ | २ | ३ | ६.३८ | २ | २ | ४ | ८.५१ | ७ | १४.८९ |
| **जम्मा** | **१०** | **१३** | **२३** | **४९.९४** | **१२** | **१२** | **२४** | **५१.०६** | **४७** | **१००** |

प्रस्तुत तालिकामा नेपाली मातृभाषी ४७ जना विद्यार्थीहरुमध्ये ६.३८ प्रतिशत विद्यार्थीहरु २० प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता हुने समूहमा परेको देखिन्छ जसमध्ये ४.२५ प्रतिशत सरकारी विद्यालयका विद्यार्थीहरु र २.१३ प्रतिशत निजी विद्यालयका विद्यार्थीहरु पर्दछन् । २० प्रतिशतभन्दा माथि र ४० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या

२५.५४ प्रतिशत उल्लेख गरिएको छ। यो श्रेणीमा सरकारी विद्यालयका १०.६४ प्रतिशत रनिजी विद्यालयका १४.८९ प्रतिशत विद्यार्थी परेका छन् । ४० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या ५३.१९ प्रतिशत भएको देखिन्छ यी विद्यार्थीहरु मध्ये २७.६७ प्रतिशत सरकारी विद्यालयका र २५.५३ प्रतिशत विद्यार्थी निजी विद्यालयका छन् । ६० प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमताको अङ्कनमा कुल विद्यार्थीको १४.८९ प्रतिशत विद्यार्थीहरु मात्र  देखिन्छन् यो श्रेणीमा पर्ने विद्यार्थीहरु मध्ये ६.३८ प्रतिशत सरकारी विद्यालयका र ८.५१ प्रतिशत निजी विद्यालयका विद्यार्थीहरु पर्दछन् । उच्चतम श्रेणी निर्धारण गरिएको ८० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएको विद्यार्थीहरुको संख्या नरहेको हुँदा निबन्धलेखनमा विद्यार्थीहरुको क्षमता कमजोर देख्न सकिन्छ।

६० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीीकृत गरी प्रस्तुत तालिकाको अध्ययन गर्दा सन्तोषजनक छ भन्न सकिँदैन। समग्र प्रतिशतमा १४.८९ प्रतिशत विद्यार्थीहरुले मात्र ६० प्रतिशतभन्दा माथि आफ्नो क्षमतालाई प्रस्तुत गर्न सफल भएका छन् । यसैगरी ४० प्रतिशतभन्दा माथि ६० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमताको अङ्कन गराउन सफल विद्यार्थीहरुको संख्या समग्र प्रतिशतको श्रेणीबद्ध प्रतिशताङ्कका आधारमा बढी अर्थात् ५३.१९ प्रतिशत रहेको देखिन्छ । यस तथ्यले विद्यार्थीहरुमा निबन्धलेखनसम्बन्धी धारणात्मक विकास भएको तर प्रक्रियागत विश्लेषणात्मक ज्ञानको अभाव रहेको कुरालाई अङ्कित गर्दछ । अधिकांश विद्यार्थीहरुको क्षमतागत प्राप्ताङ्क ५० प्रतिशतको हाराहारीमा देखिनुले निबन्धलेखनको विधागत स्वरुपसँग उनीहरु स्पष्ट हुन नसकी अल्मलिए जस्तो देखिन्छ। माथि प्रस्तुत गरिएको तालिकालाई स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :-

## ३.४ नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ३.४.१ नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| प्राप्ताङ्क | सरकारी विद्यालयका विद्यार्थीको संख्या | | | | निजी विद्यालयका विद्यार्थीको संख्या | | | | समग्र जम्मा | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | प्रतिशत | छात्र | छात्रा | जम्मा | प्रतिशत | | |
| ० – २० | २ | – | २ | ३.७७ | १ | १ | २ | ३.७७ | ४ | ७.५४ |
| २० – ४० | ७ | ४ | ११ | २०.७५ | ६ | ६ | १२ | २२.६४ | २३ | ४३.३९ |
| ४० – ६० | ५ | ७ | १२ | २२.६६ | ५ | ५ | १० | १८.८७ | २२ | ४१.५३ |
| ६० – ८० | १ | १ | २ | ३.७७ | १ | १ | २ | ३.७७ | ४ | ७.५४ |
| **जम्मा** | **१५** | **१२** | **२७** | **५०.९५** | **१३** | **१३** | **२६** | **४९.०५** | **५३** | **१००** |

उपर्युक्त तालिका अनुसार चार श्रेणी निर्धारण गरी निबन्धलेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न नेपाली विमातृभाषी विद्यार्थीहरूमध्येबाट नमुना प्रतिनिधि जनसंख्याको रुपमा ५३ जना विद्यार्थीहरुलाई चयन गरिएको छ । यहाँ २० प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको सख्या ७.५४ प्रतिशत रहेको छ जसमा सरकारी विद्यालयका विद्यार्थीहरु र निजी विद्यालयका विद्यार्थीहरुको प्रतिशत बराबरी (३.७७) रहेको छ । २० प्रतिशतभन्दा माथि र ४० प्रतिशतभन्दा तल निबन्धलखन क्षमता भएका विद्यार्थीहरुको संख्या ४३.३९ प्रतिशत रहेको छ । यो श्रेणीमा २०.७५ प्रतिशत सरकारी विद्यालयका विद्यार्थीहरुको र २२.६४ प्रतिशत निजी विद्यालयका विद्यार्थीहरुको उपस्थिति रहेको देखिन्छ । यो श्रेणीमा नै यस तालिकामा अन्य श्रेणीभन्दा बढी विद्यार्थीहरुको निबन्धलेखन क्षमताको प्रतिशत गणना अङ्कन गर्न सफल देखिन्छ । ४० प्रतिशतभन्दा माथि र ६० भन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या ४१.५३ प्रतिशत रहेको छ ।यसमा सरकारी विद्यालयका विद्यार्थीहरुको प्रतिशत २२.६६ र निजी विद्यालयका विद्यार्थीहरुको प्रतिशत१८.८७ रहेको छ । यसैगरी यस अध्ययनमा उच्चतम श्रेणीमापन गरिएको ६० देखि ८० प्रतिशत निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुको संख्या ७.५४ प्रतिशत मात्र रहेको देखिन्छ ।जसमध्ये सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको प्राप्ताङ्क बराबरी (३.७७)रहेको छ ।

६० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी तालिकाको अध्ययन गर्दा सन्तोषप्रद पाउन सकिँदैन । समग्र प्रतिशतमा

७.५४ प्रतिशत विद्यार्थीहरुले मात्र ६० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमताको अङ्कन गर्न सफल भएको तथ्यले नेपाली विमातृभाषी विद्यार्थीहरुको निबन्धलेखन क्षमताको अति कमजोरपना छर्लङ्गिएको छ ।

विमातृभाषी विद्यार्थीहरुमा नेपाली भाषाको स्वतन्त्र लेखनकलामा केही कमजोरीना पाइन्छ भन्ने कुरालाई यस तथ्यले केही रुपमा मात्र भए पनि सम्बोधन गरेको छ । नेपाली भाषाको मौखिक अभिव्यक्तिमा मानक रुपको अति आवश्यकता नपरे पनि लिखित अभिव्यक्तिमा मानक व्याकरणिक नियममा विशेष ख्याल गर्नुपर्दछ । यस्ता नियमहरुमा नेपाली विमातृभाषी विद्यार्थीहरुलाई आफ्नो मातृभाषाको प्रभावले असर गर्ने हुँदा माथिको तालिकाको नतिजा त्यसैको उपज भएको मान्न सकिन्छ । तर समग्र मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरुको निबन्धलेखन क्षमतासम्बन्धी मूल्याङ्कनमा त्यस्ता पक्षहरुले आधार लिई विश्लेषण गर्न मिल्दैन तापनि समग्रमा माथिका तालिकाहरुमा देखाएझैं प्रतिशताङ्क स्थितिका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरुको निबन्धलेखन क्षमता अति कमजोर रहेको प्रमाणित हुन्छ ।

## ३.५ छात्राहरूको निबन्धलेखन क्षमताको स्थिति

### ३.५.१ समग्र विद्यार्थीहरूमध्येबाट छात्राहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| प्राप्ताङ्क | सरकारी विद्यालयका विद्यार्थीको संख्या | | | | निजी विद्यालयका विद्यार्थीको संख्या | | | | समग्र जम्मा | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मातृभाषी | विमातृभाषी | जम्मा | प्रतिशत | मातृभाषी | विमातृभाषी | जम्मा | प्रतिशत | | |
| ० – २० | – | २ | २ | ४ | – | १ | १ | २ | ३ | ६ |
| २० –४० | ७ | ६ | १३ | २६ | ३ | ३ | ६ | १२ | १९ | ३८ |
| ४० –६० | ४ | ३ | ७ | १४ | ६ | ८ | १४ | २८ | २१ | ४२ |
| ६० –८० | २ | १ | ३ | ६ | ३ | १ | ४ | ८ | ७ | १४ |
| **जम्मा** | **१३** | **१२** | **२५** | **५०** | **१२** | **१३** | **२५** | **५०** | **५०** | **१००** |

उपयुक्त तालिका अनुसार चार श्रेणी निर्धारण गरी समग्र विद्यर्थीहरूमध्येबाट छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्न प्रतिनिधि नमुना जनसंख्याका रूपमा ५० जना छात्राहरुलाई चयन गरिएको छ । ती मध्ये सरकारी विद्यालयबाट २५ जना र निजी विद्यालयबाट २५ जना छात्राहरुको प्रतिनिधित्व गराइएको छ । प्रस्तुत अध्ययनमा क्षमतामापनको निर्धारण गरिएका प्रतिशताङ्क मापनका आधारहरुमध्ये २० प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका छात्राहरुको संख्या ६ प्रतिशत रहेको छ। जसमा निजी विद्यालयका छात्राहरुले प्राप्त गरेको निबन्धलेखन क्षमता २ प्रतिशत छ यो संख्या विमातृभाषी विद्यार्थीको हो। सरकारी विद्यालयका छात्राहरुले प्राप्त गरेको निबन्धलेखन क्षमता ४ प्रतिशत रहेको छ विमातृभाषी विद्यार्थीको संख्या २ रहेको छ। २० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका छात्राहरुको संख्या ३८ प्रतिशत रहेको छ । जसमा मातृभाषी छात्राहरुको संख्या ७ र विमातृभाषी छात्राहरुको संख्या ६ गरी सरकारी विद्यालयतर्फ २६ प्रतिशत र निजी विद्यालयतर्फका मातृभाषी छात्रा ३,विमातृभाषी ३ गरी १२ प्रतिशत छात्राहरुको प्रतिनिधित्व देखिन्छ। ४० प्रतिशतभन्दा माथि ६० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका सरकारी विद्यालयका छात्राहरुको संख्या १४ प्रतिशत रहेको छ।यो श्रेणीमा मातृभाषी ४र विमातृभाषी ३ गरी ७ जना छात्राहरु रहेका छन्। निजी विद्यालयका २८ प्रतिशत छात्राहरु यसै श्रेणीअन्तर्गत आबद्ध भएका छन् ती छात्राहरु मध्ये मातृभाषी ६ र विमातृभाषी ८ गरी जम्मा १४ जना छात्राहरु पर्दछन् । समग्रमा ४२ प्रतिशत छात्राहरु यस श्रेणीभित्र परेका छन्। सरकारी र निजी विद्यालयका छात्राहरुको असमान रुपमा प्रतिनिधित्व

हुनुले यस श्रेणीमा परेका छात्राहरुको निबन्धलेखन क्षमतामा संस्थागत रुपले पनि भिन्नता पाउन सकिन्छ ।

६० प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका सरकारी विद्यालयतर्फका छात्राहरुको संख्या ६ र निजी विद्यालयतर्फका छात्राहरुको संख्या १२ प्रतिशत देखिन्छ ।जसमध्ये सरकारी विद्यालयका मातृभाषी २, विमातृभाषी १ गरी ३ जना र निजी विद्यालयका मातृभाषी ३ र विमातृभाषी १ गरी ४ जना छात्राहरु परेको देखिन्छ । यसरी हेर्दा यो श्रेणीमा निजी विद्यालयतर्फका छात्राहरुभन्दा बढी सरकारी विद्यालयतर्फका छात्राहरुको प्रतिनिधित्व कम देखिनुले निजी विद्यालयभन्दा केही रुपमा सरकारी विद्यालय समुहका छात्राहरुको क्षमता कमजोर रहेको पाइन्छ ।

निर्धारित श्रेणीहरु मध्ये ४० देखि ६० प्रतिशतको श्रेणीमा समग्र प्रतिशतको सबैभन्दा बढी अर्थात् ४२ प्रतिशत छात्राहरुको निबन्धलेखन क्षमताको मापन भएको देखिन्छ । यसर्थ समग्र छात्रा समूहको जनसंख्यामध्ये अधिकांशले यसै श्रेणी वा ६० प्रतिशतको हाराहारीमा निबन्धात्मक क्षमता देखाएकोले छात्राहरुको निबन्धलेखन क्षमताको स्थितिलाई सकारात्मकको संज्ञा दिनुपर्छ ।

४० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका छात्राहरुको संख्या ५६ प्रतिशत रहेको छ । जसमा सरकारी विद्यालयतर्फका २० तथा निजी विद्यालयतर्फका ३६ प्रतिशत छात्राहरुको प्रतिनिधित्व रहेको छ । यसरी हेर्दा निजी विद्यालयका छात्राहरुको तुलनामा सरकारी विद्यालयमा अध्ययनरत छात्राहरुको निबन्धलेखन क्षमतामा कमजोर रहेको स्पष्ट भएको छ । ४० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका छात्रा विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी तालिकाको अध्ययन गर्दा छात्राहरुको निबन्धलेखन क्षमताको सन्तोषप्रद नतिजा पाइन्छ । ५६ प्रतिशत छात्राहरुले यस श्रेणीको प्रतिनिधित्व गर्न सफल भएबाट यस कुराको पुष्टि हुन्छ । यसमा २० प्रतिशत छात्राहरु सरकारी विद्यालयबाट प्रतिनिधित्व गरेका छन् भने बाँकी ३६ ले प्रतिशत निजी विद्यालयका छात्राहरुको संलग्नता देखिन्छ । यसरी हेर्दा निजी विद्यालयमा अध्ययरत छात्राहरुको भन्दा सरकारी विद्यालयमा अध्ययनरत छात्राहरुको निबन्धलेखन क्षमता कम रहेको प्रमाणितकहुन्छ ।

## ३.६ छात्रहरूको निबन्धलेखन क्षमताको स्थिति

### ३.६.१ समग्र विद्यार्थीहरूमध्येबाट छात्रहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| प्राप्ताङ्क | सरकारी विद्यालयका विद्यार्थीको संख्या | | | | निजी विद्यालयका विद्यार्थीको संख्या | | | | समग्र जम्मा | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मातृभाषी | विमातृभाषी | जम्मा | प्रतिशत | मातृभाषी | विमातृभाषी | जम्मा | प्रतिशत | | |
| ० – २० | – | २ | २ | ४ | १ | १ | २ | ४ | ४ | ८ |
| २० –४० | ४ | ४ | ८ | १६ | ३ | ५ | ८ | १६ | १६ | ३२ |
| ४० –६० | ५ | ८ | १३ | २६ | ७ | ६ | १३ | २६ | २६ | ५२ |
| ६० –८० | १ | १ | २ | ४ | १ | १ | २ | ४ | ४ | ८ |
| **जम्मा** | **१०** | **१५** | **२५** | **५०** | **१२** | **१३** | **२५** | **५०** | **५०** | **१००** |

उपर्युक्त तालिकामा ५० जना छात्रहरुलाई प्रतिनिधि नमुना जनसङ्ख्याका रुपमा चयन गरी उनीहरुको क्षमतालाई चार प्रतिशाङ्क क्षेत्रमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । २० प्रतिशतभन्दा कम प्रतिशताङ्क निबन्धलेखन क्षमता भएका छात्रहरुको सङ्ख्या ८ प्रतिशत देखिन्छ । जसमा सरकारी विद्यालयतर्फ विमातृभाषी २ जना विद्यार्थीहरु रहेका छन् । यो संख्या क'ल जनसंख्याको ४ प्रतिशत ह'न आउंछ  र निजी विद्यालयतर्फ मातृभाषी १ जना, विमातृभाषी १ जना गरी  ४ प्रतिशत विद्यार्थीहरुको  प्रतिनिधित्व रहेको छ । यस अर्थमा २०

प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका छात्रहरु सरकारी विद्यालय र निजी विद्यालयमा अध्ययनरत छात्रको सङ्ख्या बरावरी रहेको तथ्यले देखाएको छ । यस कुराले सरकारी विद्यालय र निजी विद्यालयका छात्रहरुको निबन्ध लेखन क्षमता समान रहेको देखाउँछ ।

२० प्रतिशतभन्दा माथि ४० प्रतिशतभन्दा तल आफ्नो निबन्धगत क्षमतालाई मापन गराउन सफल छात्रहरुको सङ्ख्या ३२ प्रतिशत रहेको छ । यस श्रेणीमा सरकारी र निजी विद्यालयका छात्रहरुको सङ्ख्यामा समानता रहेको छ । यसै श्रेणीमा आबद्ध १६ प्रतिशत छात्रहरु मध्ये मातृभाषी ३ जना, विमातृभाषी ५ जना विद्यार्थीहरु निजी विद्यालयमा र मातृभाषी ४ जना, विमातृभाषी ४जना विद्यार्थी गरी १६ प्रतिशत विद्यार्थी सरकारी विद्यालयमा अध्ययनरत देखिन्छन् । ४० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल अपफ्नो निबन्धलेखन क्षमताको अङ्कन गराउने छात्रहरुको सङ्ख्या ५२ प्रतिशत देखिन्छ । यस श्रेणीमा आबद्ध छात्रहरु निजी विद्यालय र सरकारी विद्यालयमा अध्ययनरत द'वैले समान अर्थात् २६/ २६प्रतिशत रहेका छन् ।जसमध्ये निजी विद्यालयमा मातृभाषी विद्यार्थीको संख्या ७ र विमातृभाषी विद्यार्थीको संख्या ६ रहेको छ । यसैगरी सरकारी विद्यालयका विद्याथीहरु मध्ये मातृभाषी विद्यार्थीको संख्या ५ र विमातृभाषी विद्यार्थीको संख्या ८ रहेको को छ । यो श्रेणीमा मूलतः ५२ प्रतिशतको हाराहारीमा क्षमता रहेका छात्रहरुको संलग्नता देखिन्छ । यसै आधारमा छात्रको निबन्धगत क्षमता हेर्दा समग्र प्रतिशतको क्षेणीबद्ध प्रतिशताङ्कको आधारमा यसै श्रेणीमा सबैभन्दा बढी अर्थात् ५२ प्रतिशत छात्रहरुको क्षमता मापन हुनुले छात्रहरुमा निबन्धलेखनसम्बन्धी स्पष्ट धारणाको विकास भएको भन्न सकिन्छ ।

६० प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका ८ प्रतिशत छात्रहरुमध्ये निजी विद्यालयमा अध्ययनरत छात्रहरु र सरकारी विद्यालयमा अध्ययनरत छात्रहरुको सङ्ख्या बरावरी देखिन्छ । सरकारी र निजी विद्यालयमा अध्ययनरत ४/४ प्रतिशत छात्रहरुको प्रतिनिधित्व यस श्रेणीमा भएको देखिन्छ । यस श्रेणीमा परेका छात्रहरुको सङ्ख्या निजी विद्यालयमा मातृभाषी १ र विमातृभाषी १गरी २ जना र सरकारी विद्यालयमा मातृभाषी १ र विमातृभाषी १ गरी २ जना विद्यार्थीहरु रहेको देखिन्छ ।प्राप्त तथ्याङ्कका आधारमा सरकारी विद्यालय र निजी विद्यालयमा अध्ययनरत छात्रहरुको निबन्धलेखन क्षमतामा क'नै भिन्नता नरहेको छ भन्दा अतिशयोक्ति हुँदैन ।

प्रस्तुत तालिकामा ४० प्रतिशतभन्दा माथि र तल क्षमता मापन गराएका छात्र सङ्ख्यालाई हेर्दा सन्तोषजनक नतिजा पाउन सकिन्छ । ६० प्रतिशत छात्रहरुले ४० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमताको मापन गराउन सफल देखिनु र ४० प्रतिशत छात्रहरुले४० प्रतिशत भन्दा कम निबन्धलेखन क्षमताको मापन गराउन सफल देखिनाले यस कुरालाई छर्लङ्ग्याएको छ ।

सरकारी र निजी विद्यालयमा अध्ययनरत छात्रहरुको तुलनात्मक स्थितिलाई हेर्दा हरेक श्रेणीमा समान प्रतिशत निबन्धलेखन क्षमता देखिएको छ । यो समानताले निजी र सरकारी विद्यालयका छात्रहरुको निबन्धलेखन क्षमतामा अनौठो संयोगलाई प्रदर्शन गरेको पाइन्छ ।

### ३.७ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति

| प्राप्ताङ्क | सरकारी विद्यालयका विद्यार्थीको संख्या | | | | निजी विद्यालयका विद्यार्थीको संख्या | | | | समग्र जम्मा | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | प्रतिशत | छात्र | छात्रा | जम्मा | प्रतिशत | | |
| ० – २० | २ | २ | ४ | ४ | २ | १ | ३ | ३ | ७ | ७ |
| २० –४० | ८ | १३ | २१ | २१ | ८ | ६ | १४ | १४ | ३५ | ३५ |
| ४० –६० | १३ | ७ | २० | २० | १३ | १४ | २७ | २७ | ४७ | ४७ |
| ६० –८० | २ | ३ | ५ | ५ | २ | ४ | ६ | ६ | ११ | ११ |
| **जम्मा** | **२५** | **२५** | **५०** | **५०** | **२५** | **२५** | **५०** | **५०** | **१००** | **१००** |

उपर्युक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसंख्याका रूपमा छनोट गरिएका कुल संख्या १०० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा निर्धारण गरिएको छ । जस अनुसार २० प्रतिशतभन्दा कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ७ प्रतिशत देखिन्छ । यो प्रतिशतलाई निजी र सरकारी विद्यालयलाई भाग लगाउदा ३र ४ प्रतिशत ह'न आउछ । २० प्रतिशतभन्दा माथि र ४० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ३५ प्रतिशत देखिन्छ जसमध्ये सरकारी विद्यालयका विद्यार्थीहरु२१ प्रतिशत र निजी विद्यालयका विद्यार्थीहरु १४ प्रतिशत रहेको छ । ४० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या ४७ प्रतिशत देखिन्छ । यो श्रेणीमा सरकारी विद्यालयका २० प्रतिशत र निजी विद्यालयका २७ प्रतिशत विद्यार्थीहरु रहेका छन् । ६० प्रतिशतभन्दा माथि र ८० प्रतिशतभन्दा तल निबन्धलेखन क्षमता भएका विद्यार्थीको संख्या ११ प्रतिशत मात्र रहेको देखिन्छ जसमा सरकारी विद्यालयका विद्यार्थीहरु ५ प्रतिशत र निजी विद्यालयका विद्यार्थीहरु ६ प्रतिशत रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा उच्चतम श्रेणीका रूपमा मापन गरिएको ८० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको संख्या नदेखिएकोले सोको उल्लेख आवश्यक ठानिएन ।

न्यूनतम श्रेणीका रूपमा मापन गरिएको २० प्रतिशतभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको संख्या (७ प्रतिशत) र उच्चतम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको संख्या (११ प्रतिशत) देखिनाले समग्रतामा विद्यार्थीको निबन्धलेखन क्षमता उच्च नरहेको देखिन्छ । तालिकामा उल्लेख भए अनुसार ४० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको संख्या ३५ प्रतिशत देखिनुले विद्यार्थीहरुको निबन्धलेखन क्षमता सन्तोषजनक नरहेको देखिन्छ । ४० प्रतिशतभन्दा माथि र ६० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउन सफल विद्यार्थीहरुको संख्या अन्य प्रतिशताङ्क अन्य वर्गहरुको भन्दा बढी अर्थात् ४७ प्रतिशत देखिन्छ । यस नतिजाले विद्यार्थीहरुको निबन्धलेखन क्षमता कमजोर रहेको अवस्थालाई सङ्केत गर्दछ ।

### ३.८ सारांश

अध्ययनमा ५० जना सरकारी विद्यालयतर्फ र ५० जना निजी विद्यालयतर्फ गरी जम्मा १०० जना छात्रछात्राहरूको प्रतिशताङ्क स्थितिका आधारमा निबन्धलेखन क्षमतासम्बन्धी विश्लेषण गरियो । विश्लेषणका क्रममा पाँच श्रेणी निर्धारण गरिएको प्रतिशताङ्क श्रेणीअन्तर्गत बहुसङ्ख्यक विद्यार्थीहरू ४० प्रतिशतभन्दा माथि र ६० प्रशितशतभन्दा तल निबन्धलेखन क्षमता भएका पाइन्छन् । यसरी ५० प्रतिशतको हाराहारीमा अधिकांश विद्यार्थीहरूको प्राप्ताङ्क रहेबाट माध्यमिक तहमा अध्ययन, अध्यापन गराइने साहित्यिक विधा निबन्धसम्बन्धी लेखनका प्रक्रियागत ढाँचाहरूमा विद्यार्थीहरू स्पष्ट हुन नसकेको देखिन्छ । अध्ययन अध्यापनको क्रममा विद्यालयहरूमा निबन्ध सम्बन्धी सीपगत धारणाको विकास हुन नसकेको पाइन्छ । अनुच्छेद गठन, विषयवस्तुको क्रमबद्धता, आदि, मध्य र अन्त्यको सङ्गठनात्मक ढाँचा निबन्धका केन्द्रीय पक्ष हुन् तर यसतर्फ विद्यार्थीहरूमा अनभिज्ञता रहेको प्रस्तुत अध्ययनले देखाएको छ।

प्रस्तुत अनुसन्धान अध्ययनमा उत्तरपुस्तिकाहरूलाई अङ्कन गर्दा विषयवस्तुको संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धता जस्ता आधारहरू अबलम्बन गरिएको छ । यिनै आधारहरूलाई पृथक्-पृथक् रूपमा दृष्टिगत गर्दा सरकारी विद्यालय समूहका विद्यार्थीहरूभन्दा निजी विद्यालय समूहका विद्यार्थीहरूमा विषयवस्तुको ज्ञान उच्च रहेको देखिन्छ । यहाँ, प्रस्तुतीकरण र भाषिक शुद्धताका दृष्टिले निजी विद्यालय समूहभन्दा सरकारी विद्यालय

समूहका छात्र-छात्राहरू सक्षम रहेको तथ्याङ्कले देखाउँछ । यसरी सरकारी विद्यालयभन्दा निजी विद्यालय समूहका छात्रछात्राहरूको नेपाली भाषामा लिखित अभिव्यक्ति क्षमता कमजोर हुनुका पछाडि निजी विद्यालयहरूमा नेपाली भाषाशिक्षणलाई हेय दृष्टिले हेरिनु प्रमुख कारक तत्त्व रहेको मान्न सकिन्छ । त्यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरू भाषिक शुद्धता र विषयवस्तुको ज्ञनमा मध्यम देखिए पनि, विषयवस्तुको संयोजन अर्थात् प्रस्तुतीकरणमा कमजोर देखिन्छन् । नेपाली विमातृभाषी विद्यार्थीहरूमा विषयवस्तुको संयोजन र प्रस्तुतीकरण क्षमता मध्यम देखिए पनि भाषिक शुद्धतामा अतिकमजोर देखिन्छन् । यसरी नेपाली विमातृभाषी विद्यार्थीहरू भाषिक शुद्धतामा कमजोर देखिनुले पहिलो भाषाको असर दोस्रो भाषामा पर्दछ भन्ने सिद्धान्त यहाँ सान्दर्भिक देखिन्छ । छात्र समूहका विद्यार्थीहरूमा विषयगत ज्ञान रहे पनि प्रस्तुतीकरण र भाषिक शुद्धतामा सन्तोषजनक पाउन सकिँदैन । छात्रा समूहका विद्यार्थीहरूमा विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण, भाषिक शुद्धताको क्रम समान देखिन्छ । छात्रहरूका तुलनामा छात्राहरू पढाइ, लेखाइप्रति अतिसंवेदनशील तथा गम्भीर रहन्छन् भन्ने कुरा यस अनुसन्धान अध्ययनले पनि देखाएको छ ।

समग्रमा माध्यमिक तहमा अध्ययनरत छात्रछात्राहरूको लेखाइ अभिव्यक्ति क्षमता सन्तोषजनक नभएको देखिन्छ । निबन्धलेखनसम्बन्धी समसामयिक विषयवस्तुहरूमा समग्र विद्यार्थीहरूको अवस्था अध्ययन गर्दा विषयवस्तुको ज्ञान सन्तोषजनक देखिए पनि विषयवस्तुको प्रस्तुतीकरण र भाषिक शुद्धतामा कमजोर देखिन्छ । प्रस्तुत अनुसन्धान अध्ययनले के देखाउँछ भने विधगत अध्ययनमा विद्यार्थीहरू उत्साहित रहे पनि विधागत लेखनमा निरुत्साहित रहेको पाइन्छ । निबन्धलेखन प्रक्रियाको प्रस्तुतिगत ढाँचासँग केही विद्यार्थीहरू परिचित भए तापनि बहुसङ्ख्यक विद्यार्थीहरू यसप्रति अनभिज्ञ रहेको देखिन्छ । यसरी विद्यार्थीहरूमा यस्तो अवस्था सिर्जना गराउन अव्यवस्थित शिक्षण सिकाइको प्रमुख हात रहेको छ । सरकारी विद्यालयहरूमा योजनाबद्ध शिक्षण सिकाइ सान्दर्भिक हुन नसक्नु तथा निजी विद्यालयहरूमा परम्परागत सुँगा रटाइमा शिक्षण सिकाइलाई सीमित गरिनुले विद्यार्थीहरूको स्वतन्त्र अभिव्यक्ति क्षमतामा प्रत्यक्ष असर पुऱ्याएको छ । त्यसैले विद्यार्थीहरूमा अभिव्यक्ति क्षमता विकास गर्दै लेखाइ सीपमा सक्षम तुल्याउन निबन्ध विधा शिक्षण तथा निबन्धलेखन शिक्षणलाई व्यवस्थित गरिनुपर्दछ ।

# अध्याय - चार

## तुलनात्मक विश्लेषण

### ४.१ विभिन्न समूहहरूमा निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । परिच्छेद चारमा प्रस्तुत गरिएको व्याख्या विश्लेषणलाई आधार मानेर यहाँ शोधकर्ताद्वारा शोधनिर्देशकको परामर्शमा विभिन्न सूचकहरूका बीच तुलनात्मक विश्लेषण गरिएको छ । विभिन्न समूह, वर्गबाट लिइएको तथ्याङ्कका आधारमा सोही समूहहरू बीच निबन्धलेखन क्षमतामा के कति अन्तर छ भन्नेतर्फ तुलनात्मक अध्ययन केन्द्रित रहेको छ ।

### ४.१.१ सरकारी विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना

| प्राप्ताङ्क | सरकारी विद्यालयका विद्यार्थी संख्या | निजी विद्यालयका विद्यार्थी संख्या |
|---|---|---|
| ० - २० | ४ | ३ |
| २० - ४० | २१ | १४ |
| ४० - ६० | २० | २७ |
| ६० -८० | ५ | ६ |
| **जम्मा** | **५०** | **५०** |

स्तम्भचित्र नं. ५

माथिको तालिकामा सरकारी र निजी विद्यालयहरुको समग्र अध्ययनबाट निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूभन्दा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको छ भन्न सकिन्छ ।

यसैगरी समग्र सूचकलाई आधार मान्दा सरकारी र निजी दुवै समूहका विद्यार्थीहरूका समूहगत रूपमा तुलना गर्दा सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता बढी भएको पाइन्छ ।

सूचकका आधारमा यी दुई समूहहरूको क्षमताबीच सार्थक अन्तर रहेको देखिन्छ । जसलाई अझ वस्तुगत रूपमा यी दुई समूहको निबन्धलेखन क्षमतामा सार्थक अन्तर रहेको तथ्याङ्कले देखाउँछ । यसरी सरकारी विद्यालय र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना मिथ्या सावित हुन आएको छ ।

सरकारी विद्यालयका तुलनामा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो हुनका पछाडि धेरै कारणहरू विद्यमान छन् । मूल रूपमा निजी विद्यालयमा अङ्ग्रेजी भाषालाई सर्वोपरि ठान्दै अनिवार्य नेपाली विषयको शिक्षणबाहेक अन्य विषयहरूको अध्ययन अध्यापन तथा विद्यालयका अन्य अतिरिक्त क्रियाकलापहरूमा समेत नेपाली भाषाको प्रयोगमा बन्देज लगाउने प्रयत्न गरिने हुँदा नेपाली भाषाको लेखनकलामा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको क्षमता कमजोर देखिन्छ ह'न्छ भन्ने आम धारणालाई यस विश्लेषणले खण्डन गरेको छ । माथिको तालिकाबाट आएको नतिजा पनि यसै पृष्ठभूमिको उपज हो भन्न सकिन्छ ।

### ४.१.२ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना

| प्राप्ताङ्क | मातृभाषी विद्यार्थी संख्या | विमातृभाषी विद्यार्थी संख्या |
|---|---|---|
| ० २० | ३ | ४ |
| २० ४० | १२ | २३ |
| ४० ६० | २५ | २२ |
| ६० ८० | ७ | ४ |
| **जम्मा** | **४७** | **५३** |

उपर्युक्त तालिकामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी हुने ४७ जना र नेपाली विमातृभाषी हुने ५३ जना छन् ।

यसैगरी समग्र सूचकलाई आधार मान्दा नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी दुवै समूहका विद्यार्थीहरूको समूहबीचमा केही अन्तर देखिन्छ । दुई समूहबीच अन्तर छ वा छैन भन्नेतर्फ वस्तुगत रूपमा केलाएर हेर्दा यी दुई समूहको निबन्धलेखन क्षमतामा सार्थक असमानता रहेको पाइन्छ । यसरी नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना असत्य सावित भएको छ ।

प्रस्तुत अध्ययनमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूलाई धेरै तथा समान सङ्ख्यामा प्रतिनिधित्व गराउने अध्येताको अथक प्रयास रहेको भए तापनि केही प्रतिनिधि विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिगत एकरूपता रहनुले यस अध्ययनमा दुई समूहका बीच प्रतिनिधि विद्यार्थीहरूको संख्या असमान रहेको छ । नेपाली विमातृभाषी विद्यार्थीहरूका तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको संख्या ६ जनाले कम रहेको तथ्यांकलाई आधार मानी प्रस्तुत अध्ययनलाई अगाडि बढाइएको थियो । यसरी असमान जनसंख्याका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा सार्थक अन्तर छ वा छैन भन्नेतर्फ पुनः परीक्षण गरी स्पष्ट गर्ने सोच अध्येतामा आएको छ । नेपाली विमातृभाषी विद्यार्थीहरूभन्दा नेपाली मातृभाषी विद्यार्थीहरू

नेपाली भाषाको लेखाइ अभिव्यक्ति क्षमतामा केही मात्रामा बढी समक्ष हुन्छन् भन्ने भाषिक मान्यताका आधारमा पुनः परीक्षण गरिएको हो ।

पुनः परीक्षणका क्रममा १० जनाको समूह बनाई प्रतिशताङ्क गणना गरी अध्ययनलाई वस्तुगत तुल्याइएको छ । दुवै समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमताबीच अन्तर छ वा छैन भनी हेर्दा तथ्याङ्कले दुई समूहबीचको निबन्धलेखन क्षमतामा अन्तर रहेको देखाउँछ । यसरी भाषिक पृष्ठभूमिका आधारमा दुई समूहबाट समान जनसंख्याको प्रतिनिधित्व गराउँदा लेखाइ अभिव्यक्ति क्षमतामा अन्तर पाइन्छ । तर माथिको तालिकामा दुई समूहका बीच अन्तर नभई समान क्षमता भएको देखिनुले दुवै समूहबाट प्रतिनिधित्व गर्ने संख्या असमान हुँदा नतिजा पनि अस्वाभाविक आउने कुरालाई दर्साएको छ । निष्कर्षतः नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको ठूलो तथा समान जनसंख्यामा निबन्धलेखन क्षमतालाई मापन गर्दा नेपाली विमातृभाषी विद्यार्थीहरूका तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरू सक्षम रहेको देखिन्छ ।

| भाषिक आधा | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|
| मतृभाषी | ४७ | ४७ |
| विमातृभाषी | ५३ | ५३ |

# अध्याय – पाँच

## निष्कर्ष र सुझाव

### ५.१ निष्कर्ष

धरानक्षेत्रका माध्यमिक तहका विद्यार्थीहरूको निबन्धलेखन क्षमतासम्बन्धी प्रस्तुत अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकाल्न सकिन्छ:

### ५.२ सुझाव

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसार सुझावहरू दिइएको छ:

१. भाषापाठ्यपुस्तकहरूमा लेखाइ सीपको महत्त्वपूर्ण भूमिका रहन्छ । अतः त्यस्ता पाठ्यपुस्तकहरूमा समावेश गरिने लेखनकला अभिवृद्धिसम्बन्धी पर्याप्तता, उपयुक्तता तथा उपयोगिताको अध्ययन अनुसन्धान गरेर मात्र पाठ्यपुस्तक निर्माणका लागि पाठ्यवस्तु चयन गरिनुपर्दछ ।

२. भाषाका चारै सीपहरूको समुचित विकास गर्दै लैजान भाषापाठ्यपुस्तकमा पाठ्यवस्तुको चयन गर्दा क्षेत्र, लिङ्ग, भाषिक पृष्ठभूमि, स्थानीयता, उमेर समूह जस्ता पक्षहरूलाई ध्यानमा राखी पाठ्यवस्तुको छनोट र स्तरण गर्ने प्रयास हुनुपर्दछ ।

३. निबन्धलेखन क्षमता लेखाइ सीप विकासका लागि महत्त्वपूर्ण पक्ष भएको हुँदा कक्षा शिक्षणमा निबन्धलेखनसम्बन्धी क्रियाकलापलाई अझ बढी प्राथमिकता दिइनु पर्दछ ।

४. विद्यालय तहमा नेपाली भाषापाठ्यक्रम निर्माण गर्दा निबन्ध विधा शिक्षणका साथै निबन्धलेखन शिक्षणमा पनि जोड दिनुपर्दछ ।

५. मतध्यमिक तहको पाठ्यपुस्तकमा निबन्धलेखनसम्बन्धी दिएको अभ्यासमा मात्र क्रियाकलाप गराउने परिपाटीलाई निरुत्साहित गरी समसामयिक अन्य शीर्षकहरूमा निबन्ध लेख्न विद्यार्थीहरूलाई प्रेरित गर्नुपर्दछ ।

६. अध्यापन गरिएको विषयवस्तुमा विद्यार्थीहरूको बुँदा-टिपोट गर्न लगाइ आदि मध्य र अन्त्यको निबन्धात्मक ढाँचामा प्रस्तुत गर्न लगाउनुपर्दछ ।

७. पाठ्यक्रम विकास केन्द्रजस्तो आधिकारिक निकायले स्तरअनुकूल विभिन्न प्रकारका निबन्धहरू समावेश गरी निबन्धलेखनसम्बन्धी आधिकारिक पुस्तकको संयोजन गरिनुपर्दछ ।

८. माध्यमिक तह नेपाली भाषा विषयको प्रश्नपत्रमा निबन्धलेखनसम्बन्धी प्रश्नलाई ऐच्छिक नगरी अनिवार्य गरिनुपर्दछ । यसका अतिरिक्त एस.एल.सी. परीक्षामा समावेश गरिने प्रश्नपत्रमा निबन्धलेखनसम्बन्धी प्रश्नलाई अनिवार्य गरिनुपर्दछ ।

९. जुनसुकै विषयशिक्षक वा तालिम अप्राप्त शिक्षकद्वारा नेपाली विषय पढाइने परिपाटी अन्त्य गरी तालिम प्राप्त विषयशिक्षकद्वारा पढाउनुपर्ने नियमलाई कडाइका साथ लागू गरिनुपर्दछ ।

१०. यस अध्ययनमा माध्यमिक तहका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिएकाले यसको कारणसम्बन्धी अध्ययनलाई विशेष प्राथमिकता दिइनुपर्दछ ।

११. यस अध्ययनमा सरकारी विद्यालय समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर देखिन्छ । यस नतिजाका पछाडि भएका कमजोरीहरूलाई सुधार गर्दै लैजानु उचित देखिन्छ ।

१२. निजी विद्यालयहरूमा अङ्ग्रेजी भाषालाई सर्वोपरि ठान्दै नेपाली भाषाको शिक्षणमा औपचारिकता मात्र देखाउने प्रवृत्तिको अन्त्य गरिनुपर्दछ ।

१३. परम्परागत शिक्षा प्रणालीझैं घोक्न लगाई घोकेकै विषयवस्तुमा सीमित गराउने शैक्षिक पद्धतिलाई निजी विद्यालयहरूले तत्काल परिमार्जन गर्नुपर्दछ ।

१४. सरकारी विद्यालयहरूमा लेखन क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरूमा लेख्ने बानीको विकास गर्दै लैजानुपर्दछ ।

१५. विद्यालयहरूमा निबन्ध शिक्षण त गरिन्छ तर निबन्धलेखनसम्बन्धी विद्यार्थीहरूमा स्पष्ट धारणाको विकास गराउन सकिएको पाइँदैन यसतर्फ नेपाली विषयशिक्षकहरू सचेत रहनुपर्दछ ।

१६. निबन्धलेखन क्षमता विकासको लागि नेपाली पाठ्यपुस्तक मात्र नभई विभिन्न पत्रपत्रिका, लेख, रचना, अन्य क्षेत्र तथा सम्बन्धित तह वा कक्षाको पाठ्यपुस्तकमा समावेश भएका पाठ्यवस्तुसँग सम्बन्धित सामग्रीहरूलाई पनि उपयोगमा ल्याउन सकिन्छ ।

१७. निबन्धलेखनलाई गृहकार्यको रूपमा दिने परम्परालाई छोडी निबन्धलेखनलाई कक्षा कार्यकलापमा जोड दिइनुपर्दछ । यसरी निबन्धलेखन शिक्षणलाई अगाडि बढाएका विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा अपेक्षाकृत सुधार ल्याउन सकिन्छ ।

१८. विद्यालयमा निबन्धलेखन प्रतियोगिता आयोजना गरेर विद्यार्थीहरूलाई निबन्ध लेख्न प्रेरित गर्दै निबन्धलेखन क्षमता विकास गर्दै लैजान सकिन्छ ।

१९. वभिन्न संघसंस्था, क्षेत्र तथा जिल्लास्तरीय निबन्ध प्रतियोगिताहरूमा विद्यार्थीहरूलाई भाग लिन लगाइ रचनात्मक तथा मनोवैज्ञानिक तवरले निबन्धलेखन क्षमताको विकास गर्दै लैजान सकिन्छ ।

२०. ऐतिहासिक, पूरातात्विक, पर्यटकीय स्थलहरूमा शैक्षिक भ्रमण गराइ विद्यार्थीहरूलाई सोही ठाउँको बारेमा निबन्धात्मक लेख लेख्न लगाएर निबन्धलेखन क्षमता बढाउन सकिन्छ ।

२१. मातृभाषी विद्यार्थीमा पनि निबन्धलेखन क्षमता सन्तोषजनक नरहेकाले त्यस्ता विद्यार्थीहरूले लेखनकलामा सचेतता अपनाउनुपर्ने देखिन्छ ।

२२. सरकारी विद्यालयमा एउटा मात्र भाषापाठ्यपुस्तक हुने र त्यसको मात्र उपयोगले शिक्षण सिकाइ क्रियाकलाप हुने हुँदा पाठ्यक्रमले तोकेको उद्देश्य पूरा नभएको हो कि भन्ने कुरा प्रस्तुत अनुसन्धान अध्ययनबाट अध्येतालाई महसुस भएको छ । त्यसैले पाठ्यक्रमसँग सम्बन्धित अन्य पाठ्यपुस्तकहरू पनि विद्यालयले राख्नु उचित देखिन्छ । ता कि विद्यार्थीहरूलाई निबन्धलेखनको अभ्यास प्रभावकारी बन्न सकोस् ।

## ५.३ शैक्षिक प्रयोजन

निबन्धलेखन लेखनकलाको महत्त्वपूर्ण कार्यकलाप हो । लेखनकला लेखाइ सीपसँग सम्बन्धित छ । यस अर्थमा निबन्धलेखन क्षमताले भाषिक सीपसँग सोझो सम्बन्ध राख्दछ । भाषिक सीपहरू एक आपसमा सम्बन्धित हुन्छन् । यसरी एक आपसमा जेलिएका भाषिक सीपहरूलाई अलग्याएर शिक्षण गर्न सकिँदैन । कुनै पनि कुराको बोध सुनाइ र पढाइबाट हुन्छ भने अभिव्यक्ति बोलाइ र लेखाइबाट हुन्छ । यसरी ज्ञानको आदानप्रदान भाषिक सीपहरूबाट भइरहेको हुन्छ । प्रस्तुत अनुसन्धानको निम्नलिखित शैक्षिक प्रयोजन भएको कुरा स्पष्ट छ :

१. यस अध्ययनबाट माध्यमिक तहमा नेपाली भाषा पाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्नेछ ।

२. भाषा पाठ्यक्रममा समावेश गरिने चारै भाषिक सीपका उद्देश्य पूरा हुने गरी विधागत छनोट तथा विधागत क्षेत्र निर्धारण गर्न प्रस्तुत अध्ययन सहयोगीसिद्ध बन्नेछ ।

३. माध्यमिक तहको पाठ्यक्रममा समावेश गरिने निबन्ध विधाको शिक्षण प्रक्रिया तथा निर्धारण गरिएका सिकाइ उपलब्धिहरूका आधारमा निबन्ध विधा शिक्षण गर्न प्रस्तुत अध्ययनले सहयोग गर्नेछ ।

४. यस अध्ययनले सम्बन्धित व्यक्ति तथा निकायलाई भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तकमा समावेश गरिने पाठ्यपुस्तकहरू, अभ्यासहरू सिर्जनात्मक रचना विधासँग सम्बन्धित अभ्यासहरू तथा भाषिक सीप विकासका अन्य पक्षहरूमा क्षेत्र, लिङ्ग स्थानीयता, भाषिक पृष्ठभूमि, उमेर आदि कुराको ख्याल गर्नुपर्दछ भनी आवश्यकता बोध गराउनेछ ।

५. यस अध्ययनबाट भाषिक सीपका दृष्टिले पाठ्यपुस्तकको कठिनाइस्तर र पठनीयताको अनुमान गर्न सहयोग पुग्नेछ ।

६. यस अध्ययनले पाठ्यपुस्तक निर्माण पूर्व र पाठ्यपुस्तक तयार भइसकेपछि पनि भाषिक सीपका अतिरिक्त लेखाइ सिक्षणका बारेमा निरन्तर अध्ययन गर्न प्रोत्साहित गर्ने छ ।

७. यस अध्ययनले विद्यालय तहका जुनसुकै पाठ्यपुस्तकलेखन तथा सम्पादनमा विद्यार्थीहरूको चाहना, क्षमता तथा मनोविनोद आदि कुरामा विचार गर्दै सिर्जनात्मक अभ्यासहरू प्रशस्त समावेश गरी पाठ्यपुस्तकलाई प्रकाशनमा ल्याउनु पर्दछ भन्ने कुरामा सहयोग पुऱ्याउनेछ ।

८. निबन्धलेखन क्षमतासँग सम्बन्धित अन्य अनुसन्धान अध्ययनका लागि यो अध्ययन आधार बन्नेछ ।

९. यस अध्ययनले विद्यार्थीहरूको लेखाइ क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग पुऱ्याउनेछ ।

१०. यस अध्ययनले भाषा शिक्षण विधि तथा पद्धतिमा थप अनुसन्धान गर्ने आधार दिएको छ ।

११. विद्यालय तहमा नेपाली भाषा शिक्षण गर्दा विषयशिक्षकले अपनाउनुपर्ने भाषिक सचेतताका बारेमा प्रस्तुत अध्ययनले स्पष्ट पारेको छ ।

१२. सम्बन्धित विद्यालय तहका विद्यार्थीहरूमा नेपाली भाषाको लेखाइ क्षमता बढाउन आवश्यक सतर्कताका बारेमा पनि प्रस्तुत अध्ययनले सङ्केत गरेको छ ।

१३. विगत र वर्तमानका अनुसन्धानहरूको जानकारी लिँदै लेखन क्षमतासम्बन्धी अनुसन्धानको उपादेयता प्रस्तुत अध्ययनले प्रष्ट पारिदिनेछ ।

१४. भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा सिर्जनात्मक अभ्यासको उपयुक्तताको महत्त्व दर्शाउने छ ।

१५. माध्यमिक तहमा निबन्धलेखन शिक्षणको महत्त्वका बारेमा प्रस्तुत अध्ययनमा स्पष्ट गरिएको छ ।

१६. विद्यार्थीहरूको निबन्धलेखन क्षमता जस्तै भाषिक सीपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न प्रस्तुत अध्ययनले भावी अध्येताहरूलाई प्रेरित गर्ने देखिन्छ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

सानो अनुसन्धानले कुनै पनि विषयको सम्पूर्णताको सत्यपान हुन सक्दैन । कुनै पनि अध्ययन आफैंमा पूर्ण र अन्तिम हुँदैन । अनुसन्धान विभिन्न सीमा तथा अवरोधहरूबाट मुक्त हुन सक्तैन । अनुसन्धान एक निरन्तर चलिरहने प्रक्रिया हो, यसको गन्तव्य कहिल्यै पूरा हुँदैन । यो गहिरो समुद्रमा मोती खोज्नु जत्तिकै कठिन कार्य हो । यसलाई सकेसम्म सबै पक्षबाट निरन्तरता दिनु बढी सान्दर्भिक ठहर्छ । त्यसैले अध्येताले प्रस्तुत अध्ययनको सन्दर्भमा रहेर निम्न–लिखित शीर्षकमा भावी अनुसन्धानहरू हुन आवश्यक ठानेको छः

१. कक्षा छमा अध्ययनरत बालबालिकाहरूको श्रुतिबोध क्षमताको अध्ययन

२. कक्षा चारमा अध्ययनरत बालबालिकाहरूको अनुलेखन क्षमताको अध्ययन

३. प्राथमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरूको प्रबन्धलेखन क्षमताको अध्ययन

४. कक्षा सात पूरा गरेका विद्याथीृहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन

५. निजी र सरकारी विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन

६. निम्नमाध्यमिक तह पूरा गरेका विद्यार्थीहरूमा आशुलेखनक्षमताको अध्ययन

# परिशिष्ट

# सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज **भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार । (२०५३)

................ .................. सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं : रत्न पुस्तक भण्डार । (२०५६)

अधिकारी हेमाङ्गराज र केदारप्रसाद शर्मा, **प्रारम्भिक नेपाली शिक्षण,** चौ. सं., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार । (२०६१)

अवस्थी महादेव र पारसमणि भण्डारी तथा अन्य, **सरल नेपाली व्याकरण र रचना** (कक्षा ९ र १० ), काठमाडौं : एकता बुक्स । (२०५९)

दाहाल बल्लभमणि र अन्य, **अनिवार्य नेपाली शिक्षण-निर्देशन**, काठमाडौं : पा. वि. के ., त्रि. वि., कीर्तिपुर । (२०४३)

दाहाल, पेशल र सोमप्रसाद खतिवडा, अनुसन्धान पद्धति , काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स । (२०५८)

भण्डारी, पारसमणि, स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण, काठमाडौंः न्यु हिरा बुक्स । (२०६३)